# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा विद्यालय वर्गिकरण लाई सामुदायिक र संस्थागत विद्यालय गरी दुई प्रकारबाट वर्गिकरण गरेको पाइन्छ । सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारको पूर्व स्वीकृती र अनुदानमा संचालित विद्यालय भन्ने हुन्छ भने संस्थागत विद्यालय भनेको अभिभावक लगानी कर्ता तथा गुठीद्धारा संचालित विद्यालय हो । सामुदायिक विद्यालयहरुलाई पनि सामुदायिक सहयोगमा संचालित सामुदायिक व्यवस्थापनमा संचालित तथा सामुदायिक सहयोग विना संचालित गरि तीन किसिमबाट वर्गिकरण गरिएको छ । सामुदायिक सहयोगमा संचालित विद्यालयहरुको शिक्षकहरुको तलव भत्ता र सम्पूर्ण खर्चहरु सरकारको पूर्ण रुपमा व्यहोर्न पर्दछ । त्यस्तै सामुदायिक व्यवस्थापनमा संचालित सामुदायिक विद्यालय भन्नाले शिक्षकको तलव भत्ता पूर्व रुपमा सरकारले व्यहोर्ने तर विद्यालय व्यवस्थापनको दायित्व समुदायमा हुने र सामुदायिक सहयोग विना संचालित विद्यालय भन्नाले सरकारको सहयोग प्राप्त नहुने वा आशिंक रुपमा सहयोग प्राप्त गर्ने विद्यालयहरुलाई बुझिन्छ ।

शिक्षा ऐन २०२८ (सातौ संशोधन) र शिक्षा नियमावली ०४९ ( छैटो संशोधन) मा उल्लेख भए अनुसार र सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमति रुपमा अनुदान वा स्वीकृति प्राप्त विद्यालयलाई बुझिन्छ । जसलाई सरकारी विद्यालयको रुपमा चिन्दछौ । जसको सम्पूर्ण सेवा र सुविधा नेपाल सरकारले व्यवस्थापन गर्दछ । नेपाल सरकारबाट नियमति रुपमा अनुदान नपाउने गरि स्वीकृति वा अनुमति लिएर संचालन भएको विद्यालयलाई संस्थागत विद्यालयको रुपमा चिनिन्छ । नेपाल सरकारले संस्थागत विद्यालयहरुमा अनुदान नदिने भएकोले विद्यालय संचालनको लागि आवश्यक रकमहरुको व्यवस्थापन संम्वन्धित लगानी कर्ताहरुबाट नै गरिएको हुन्छ । यस्ता विद्यालयहरु नाफामूलक नभई सेवा भावबाट प्रेरित भई संचालित छन् ।

सामुदायिक र संस्थागत विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थालाई अध्ययन गर्दा पाठ्यक्रमलाई कक्षा कोठा भित्र सिक्ने विषयमा सिमित गरिएता पनि आधुनिक धारणामा भने जीवन पर्यान्त अनुभवहरुमा परिष्कृत गरिएको छ । आधुनिक धारणा अनुसार वाल वालिकाहरुको चौतर्फी व्यक्तित्व विकासको लागि विद्यालय भित्र र बाहिर जे जति शैक्षिक कियाकलापहरु संचालन गरिन्छ । त्यो सम्पूर्ण प्रक्रियाहरुलाई पाठ्यक्रम भनिन्छ । यसमा विद्यार्थी

र समाजका इच्छा र आकांक्षाहरु समावेश हुन्छन् । यसमा शिक्षाको राष्ट्रिय उद्देश्य , तहगत उद्देश्य, विषयगत साधरण तथा विशष्ट उद्देश्य हासिल गर्नको लाीग विषयवस्तुहरु, शिक्षण विधिहरु, कियाकलापहरु, पाठ्यक्रमको प्रभावकारीता जाच्नका लाीग मूल्यांकन समेत निर्धारण गरिएको हुन्छ । (Sing. 2061 .p.3)

पाठ्यक्रमलाई विभिन्न पाठ्यक्रम विदहरुले फरक फर दृष्टिकोणबाट परिभाषित गरिएको पाइन्छ । जस मध्ये केही परिभाषहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

(1) “शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएका शैक्षिक कार्यक्रमलाइ पाठ्यक्रम भनिन्छ ”। -रा.शि.प.यो.(२०२८-२०३२)

(2) -"Curriculum can however be definded anything in school, even out side of school –as long as it planned ) as part of the curriculum"
-John Deway (1938) cited by ornstein and Hunkins (2004)p.12

(3) "Curriculum is an interaction between students and teachers that is designed to achice specific educational goals"-UNICEF(2000)

(4) "Curriculum is defined as all the planned learning opportunities offered to learner by the educational institution and the experiences learner encmnter when the curriculum is implemented "- Murray print (1993) p-9.

समग्रमा माथि उल्लेखित परिभापाहरुको विश्लेषण गर्दा सवै परिभाषाहरुले पाठ्यक्रम कार्यान्वयनमा जोड दिएको पाइन्छ । रा.शि.प.यो. २०२८) ले लक्ष्य हासिल गर्न गराइएको कार्यक्रमको रुपमा पाठ्यक्रमलाई परिभाषित गरेको छ । लक्ष्य हासिल गर्ने कार्यक्रम भन्नाले पाठ्यक्रमको कार्यन्वयन पक्षलाई जोड दिएको वुझिन्छ । त्यसै गरि डिबी ले विद्यालय भित्र र वाहिर विद्यार्थीहरुले प्राप्त गर्ने अनुभवको रुपमा, मूल शिक्षण संस्थाद्धारा विद्यार्थीलाई प्रदान गरिने योजनावद्ध सिकाई अवसर र अनुभवको रुपमा र क्यासवेल र क्याम्पवेल ले शिक्षकहरुको निर्देशन अन्तर्गत वालवालिकाले प्राप्त गर्ने अनुभवहरुको संगठनको रुपमा र यूनीसेफ ले विशिष्ट शैक्षिक लक्ष्यहरु हासिल गर्नका लाीग शिक्षक र विद्यार्थी विगत गरिने अन्तक्रियाको रुपमा पाठ्यक्रमका सवै परिभाषाहरुले विद्यालयमा संचालन गर्ने शैक्षिक क्रियाकलापहरुलाई पाठ्यक्रम कार्यन्वयनको प्रमुख रुपमा जोड दिएको हुनाले उल्लेखित परिभाषाहरु यस अध्ययनमा सान्दर्भिक मानिएको थियो ।

त्यसै गरि पाठ्यक्रम कार्यान्वयनको पक्षमा कुरा गर्नु पर्दा निर्धारित शैक्षिक लक्ष्य हासिल गराउन पाठ्यक्रमलाई व्यवहारिक रुपबाट विद्यालयीय अभ्यासमा लागु गराउनु नै पाठ्यक्रकको

कार्यान्यवयन हो । बालवालिकाहरुले उत्सुकता पूर्वक नयाँपनका अनुभव गर्ने प्रकृयालाइ नै पाठ्यक्रमको सफल कार्यान्वयन मानिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयन प्रकृयालाई प्रभावकारी र स्तरयुक्त बनाई विद्यार्थीहरुमा सृजनशिलता, ज्ञान, सिप र धारणाको विकास तथा चिन्तन गर्ने शैली को साथै विद्यार्थीको सर्वाङगिण विकास गर्ने जस्ता पक्षको अपेक्षा पाठ्यक्रम कार्यान्वयनमा गरिएको हुन्छ । पाठ्यक्रम कार्यान्वयनको परिभाषा दिँदै Ornstein and Hunkins (2004) – "Curriculum implementation is an interaction process between those who have created the program and those who are charged with delivering it" यस अर्थमा पाठ्यक्रम कार्यान्वयन कार्यक्रममा सिर्जना कर्ता र त्यसलाई हस्तान्तरण गर्न लागेको व्यक्ति वा समूह विचको अन्तक्रि्यात्मक प्रकृया हो । यस परिभाषाले पाठ्यक्रम कार्यान्वयनलाई व्यवस्थित अन्तक्रियात्मक प्रकृयाको रुपमा परिभाषित गरेका पाइन्छ । जहाँ पाठ्यक्रम वा अन्य शैक्षिक कार्यक्रमका सिर्जना कर्ता र त्यस कार्यक्रमको सहभागी विच अन्तक्रिया हुन्छ । मार्सन वील (१९९९) ले आफ्नो पुस्तक Alternative Approaches and ongoing Issues मा भन्दछन् . " Curriculum Implementation can be considered the process off inactivng the palaned curriculum . In other words curriculum implentaiton is the translation of a written curriculum in to classroom practices . यस अर्थमा पाठ्यक्रम कार्यान्वयन योजनावद्ध पाठ्यक्रमलाई क्रियात्मक कार्यमा लैजाने कार्यात्मक प्रकृया हो । अथवा पाठ्यक्रम कार्यान्वयन भन्नाले पाठ्यकमलाई कक्षाकोठा अभ्यासमा रुपान्तर गर्ने प्रकृया हो ।

माथि उल्लेखित पाठ्यक्रम कार्यान्वयनको परिभाषाले पाठ्यक्रम कार्यान्वयनलाई कक्षा कोठा शिक्षणसंग सम्वद्ध गरेको पाइन्छ । अर्न्सटिन र हकिन्सले पाठ्यक्रम सिर्जना कर्ता र सिकारु विचको अन्तरक्रिया र मार्स र वील्सले योजना गरिएको पाठ्यक्रमलाई क्रियात्मक रुपमा लैजानु अर्थात कक्षा कोठामा अभ्यासमा हस्तान्तरण गर्नु भने पनि दुवैको तार्किक अर्थ कक्षा कोठामा पाठ्यक्रम कार्यान्वयनसंग केन्द्रित रहेको देखिन्छ । यी पाठ्यक्रम कार्यन्वयनका परिभाषाहरु पनि यस अध्ययनको शिर्षक सान्दभिक रहेको छ ।

नेपालको सन्दर्भमा आधारभूत तहको कक्षा ८ को पाठ्यक्रमलाई हेर्दा राष्ट्रिय योजना आयोगको प्रतिवेदन २०११ ले अनिवार्य विषय अन्तर्गत नेपाली भाषा, समाजशास्त्र, प्रयोगात्मक गणित,

व्यक्तिगत शारिरीक विकास र दुई वटा व्ययवसायिक विषयहरुको व्यवस्था गरेको पाइन्छ । त्यसै गरी सर्वाङगिण राष्ट्रिय शिक्षा समिति को प्रतिवेदन २०१८ ले कक्षा ६,७, र ८ का लागि नेपाली अंग्रेजी, समाजिक, साधारण विज्ञान, गणित र शारीरिक तथा स्वास्थ्य शिक्षा र एउटा ऐच्छिक विषय गरि ७०० पूर्णाङ्कको पाठ्यक्रमको व्यवस्था गरेको पाइन्छ भने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ र २०१८ का सर्वाङ्गिण राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अधारभूत तहको कक्षा ८ को पाठ्यक्रमको संरचनामा नेपाली १०० पूर्णाङ्क, संस्कृत ५०, अंग्रेजी १००, गणित १००, विज्ञान तथा वातावरण १०० सामाजिक १००, स्वास्थ्य शारीरिक ५० ऐच्छिक भाषा ५० र कला र पूर्व व्ययवसायिक शिक्षा ५० पूर्णाङ्क गरी जम्मा ९ वटा विषयको ७५० पूर्णाङ्कको व्यवस्था गरेको पाइन्छ । उच्च, स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन ०५५ अनुसार कक्षा ६,७, र ८ को पाठ्यक्रमकको संरचनालाई हेर्दा कक्षा ६,७,र८ को एउटै संरचना रहेको देखिन्छ । जसमा नेपाली १०० पूर्णाङ्क र पाठ्यभार ५ विज्ञान १०० पूर्णाङ्क र पाठ्भार ५ , गणित, १०० पूर्णाङ्क पाठ्यभार ६ सामाजिक १०० पूर्णाङ्क र पाठ्भार ५ अंग्रेजी १०० पूर्णाङ्क र पाठ्यभार ६ स्वास्थ्य तथा वातावरण शारीरिक शिक्षा ५० पूर्णाङ्क र पाठ्भार ३ जनसंख्या र वातावरण शिक्षा ५० पूर्णाङ्क र पाठ्भार ३ र कला/पूर्वव्यवासायिक शिक्षा ५० पूर्णाङ्क र पाठ्भार ३ जम्मा ९ वटा विषय, ७०० पूर्णाङ्क र पाठ्यभार ३९ पाठ्यभार भएको पाठ्यक्रमको संरचना तय गरेको पाइन्छ । (शिक्षा तथा खेलकुद मन्त्रालय (२०५९) ।

पाठ्यकम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ निर्माण गरेको थियो जुन परीक्षणको क्रममा लागु भएर हाल देशै भरि कार्यान्वयनमा रहेको छ । यसरी यस पाठ्यकम प्रारुप २०६३ ले विद्यालय तहको पाठ्यकम संरचनालाई २ तहमा विभाजन गरेको छ । आधारभूत तह र मा.वि तह । आधारभूत तह अन्तर्गत कक्षा ६,७ र ८ मा विद्यार्थीहरुलाई स्थानीय आवश्यकतामा आधारित विषयहरुको ज्ञान प्रदान गरिने वताइएको छ । यस अन्तर्गत मातृ भाषा, सूचना तथा संचार प्रविधि, तथा अन्य व्यवहारिक जीवन संवन्धित विविध विषयहरु पशुपालन, कृषि विज्ञान, कम्प्युटर शिक्षा जस्ता विषयहरु मध्ये छानेर अध्ययन गर्ने व्यवस्था गरेको छ । साधारण जीवनका लागि आवश्यक सीपहरु विकासका लागि मिश्रित एवं एकिकृत पाठ्यक्रमको माध्यमद्धारा पाठ्यक्रम विकास गर्ने लक्ष्य रहेको छ। यस पाठ्यक्रम अन्तर्गत व्यवस्थित हुने आधारभूत तहको कक्षा ६, ७, र ८ को विषयहरु शारिरीक, समाजिक तथा जनसंख्या वातावरण, नागरिक नैतिक शिक्षा र ऐच्छिक विषय पेशा, व्यवसाय तथा अन्य विषयहरु रहेका छन् । संगठित संस्थाबाट संचालित शिक्षा प्रणाली मा ५ वटा विषयहरु अनिवार्य रहेका छन् भने दुई

वटा विषय ऐच्छिक रुपमा संवद्ध संस्था अनुकुल राख्न सकिने व्यवस्था गरेको छ । यस खालको व्यवस्थाले संगठित सरकारबाट शिक्षालाई राष्ट्रिय मूल प्रवाहीकरण गर्न पर्याप्त मद्धत पुग्न जाने देखिन्छ । (राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३) ।

यस अध्ययन अनुसन्धानलाई उद्देश्य अनुरुप पूर्णता प्रदान गर्नका लागि गण्डकी प्रदेशको गोरखा जिल्लालाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । गोरखा जिल्लामा ५५४ वटा विद्यालयहरु संचालित छन् । जसमा ५०८ वटा सामुदायिक विद्यालयहरु रहेका छन् भने ४६ वटा संस्थागत विद्यालयहरु रहेका छन् । ५०८ सामुदायिक विद्यालयहरु मध्ये १६० वटा सामुदायिक विद्यालयहमा ४६ वटा संस्थागत विद्यालयहरु मध्ये १२ वटा संस्थागत विद्यालयहरुमा गरि जम्मा १७२ वटा विद्यालयहरुमा कक्षा ८ को पठन पाठन हुने गरेको शिक्षा विभागबाट प्रकाशित प्रतिवेदन २०६८ मा उल्लेख गरिएको छ ।

अन्तमा पाठ्यक्रम प्रारुप २०६३ विद्यालय सुधार कार्यक्रमका (२०६६-२०७२) भावना अनुरुप विद्यालय संरचना प्रणालीलाई सुधारोन्मुख किसिमले परिवर्तन संरचना हाल राष्ट्र भरि नै कार्यान्वनको अवस्थामा रहेको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरेको पाठ्यक्रमलाई २०५८ सालमा शिक्षा सम्बन्धि उच्च स्तरीय कार्य समितिले पाठ्यक्रमले विषयवस्तुमा सामान्य परिमार्जन गरेको पाइन्छ । (शर्मा, २०६०) हाल सवै आधारभूत तहमा  २०५८ सालमा परिमार्जन गरिए अनुसार कै पाठ्यक्रम लागु भएको छ । जसमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार नै विषयहरु, पाठ्यभार र पूर्णाङ्क कायम छ । सोही आधारमा सम्पूर्ण विषयको पूर्णाङ्क ७०० र पाठ्यभार ३९ कायम रहेको छ । मैले छनौट गरेको सामुदायिक र संस्थागत विद्यालयहरुमा २०५८ ले व्यवस्था गरेको शिक्षा सम्वन्धित उच्च स्तरीय कार्य समितिले हेर फेर गरे अनुसारको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्था के कस्तो रहेको छ, सो को तुलनात्मक अध्ययनसंग केन्द्रित रहेको छ ।

### १.२ समस्याको कथन

पाठ्यकमको कार्यान्वयनको प्रमुख पक्ष भनेको शिक्षण रहेको छ । कक्षाकोठा भित्र शिक्षक र विद्यार्थी विचको अन्तरकियात्मक प्रस्तुतीकरणलाई शिक्षण भनिन्छ ।  जसमा शिक्षक पथ प्रदर्शकको रुपमा  रहन्छ । जुन सुकै विषय र तहमा पनि शिक्षण कियाकलाप विद्यार्थी केन्द्रित हुनु पर्दछ  तर शिक्षकले भोग्नु परेका विभिन्न समस्याहरुको कारणले सिकारु केन्दित विधि अवलम्वन गरी शिक्षण गर्न सकिराखेको अवस्था देखिदैन । ती समस्याहरुमा भौतिक, आर्थिक, शैक्षिक, व्यवस्थापकीय, शिक्षण सामग्रीको अभाव र अवलोकन पक्षहरु पर्दछन्  । यसरी विभिन्न

समस्याबाट ग्रसित भएर कसरी शिक्षाको उज्यालो प्रकाश छर्न सम्भव छ त ? यो पनि शैक्षिक समस्याको रुपमा खडा भएको छ ।
वर्तमान २१ औ शताब्दीको मंहगो समयमा पनि संस्थागत शिक्षण कारखानामा सिमित तलवमा शिक्षणहरु आफ्नो श्रम वेच्न वाध्य हुनु पर्ने परिवेश छ । विकाशील देशको आर्थिक पछौटेपन, राजनैतिक खिचातानी, र सामाजिक विभेदीकारी अवस्था जस्ता समस्याले चाहदा चाहदै पनि अगाडि बढ्न नसकिने र पेट पालन मंहगो भए पनि श्रम सस्तोमा बेच्ने संस्थागत शिक्षा खानाको शिक्षकहरु वाध्य वनेको छ ।

आफ्नो आत्म सन्तुष्टि विनाको शिक्षकले शिक्षण कार्य प्रभावकारी बन्न सक्छ त ? यो एउटा समस्याको मुद्धा बनेको छ । राजनैतिक बृतबाट भर्ति भएका शिक्षकहरुबाट गुणस्तरीय शिक्षाको आशा गर्न सकिन्छ त ? त्यस्तै गरि वेला वखतमा तिर्न राजनैतिक छाया मुनिको शिक्षकको हक हित अधिकारको नाममा हुने गरेको शैक्षिक आन्दोलनहरु, जसले समग्र शिक्षक क्रियाकलाप र पाठ्यक्रमको कार्यान्वयनमा प्रभावकारी पारिरहेको छ । (वाग्ले, ०६८) यी यस्ता खालका शैक्षिक आन्दोलनहरु सही छन् त ? नयाँ जोस जाँगर र समय अनुकुलका नविनतम ज्ञानका शिक्षा शास्त्रीहरुका लागि केहि विद्यालय शिक्षकमा कही ठाँउ छैन त ? के गुणस्तरीय शैक्षिक पाठ्यक्रम कार्यान्वयनमा सकारात्मक प्रभाव पार्न नसकेको मैले ठानेको छु ।

गुणस्तरीय र समयानुकुल नयाँ ज्ञान र प्रविधि अनुकुल शिक्षा प्रदान गर्ने उद्देश्य ले स्थापित शैक्षिक विकास जनशक्ति केन्द्रले राष्ट्र भरि नै शिक्षकको पेशागत विकास गर्न सेवा कालिन तालिम, शिक्षक प्रशिक्षण , गोष्ठी, पूनर्ताजगी तालिम र कार्यशालाहरु संचालन गर्दै आएको छ । तालिम प्राप्त शिक्षकहरुले आफूले सिकेको तालिम कार्य स्थलमा कार्यान्वयन गरेका छन त ? यी समस्या पनि जटिल प्रश्नको रुपमा देखा परेको छ ।

अन्तमा लागु भइरहेको पाठ्यक्रम प्रति सिकारुको अपेक्षा कस्तो छ त ? पाठ्यक्रमको उद्देश्य अनुसारको कार्यान्वयन भएको छ त ? संस्थागत विद्यालयको शिक्षकहरुको व्यक्तिगत देखि पेशागत समस्याहरु विद्यमान हुँदा हुँदै पनि किन सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयको सिकाई उपलब्धि राम्रो बन्छ त ? सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर किन गिर्दो छ त ? यस प्रश्नमा पाठ्यक्रम कार्यान्वयनको अवस्थाले कस्तो प्रभाव पारेको छ त ? शिक्षामा सरकारको लगानी बढ्दो भए ता पनि शैक्षिक स्तर मा उपलब्धि खस्कदो छ, किन ? यी आदि प्रश्नहरुको उत्तर खोजी गर्न संस्थागत र सामुदायिक विद्यालयमा पाठ्यक्रम

कार्यान्वयनको तुलनात्मक अध्ययन गर्न मैले यस अध्ययनको शीर्षक सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ का पाठ्यक्रमको कार्यान्वयनको अवस्था छनौट गरेको हो ।

### १.३. अध्ययनको औचित्य

आजको प्रतिस्पर्धात्मक र वैज्ञानिक सिपमूलक समयमा राष्ट्रको शिक्षा प्रणाली पनि त्यही अनुसारको हुनु पर्ने आवश्यक हुन्छ । परिवर्तित समय अनुसार शिक्षा राष्ट्रिय उद्देश्यहरु प्राप्ति गर्ने उद्देश्यका साथ निर्माण गरिएको विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनका लागि प्रमुख रुपमा दुई किसिमका शैक्षिक संस्थाहरु संचालित रहेका छन् । यो सामुदायिक र संस्थागत विद्यालयहरुले राष्ट्रिय रुपमा निर्माण गरेका विद्यालय तहका शैक्षिक पाठ्यक्रमहरुलाई विद्यालयमा कार्यान्वयन गरिरहेका छन् । जसले राष्ट्रका लागि योग्य जनशक्ति तयार गर्न सक्षम बनिरहेका छन् । सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रमको कार्यान्वयन अवस्थाको तुलनात्मक अध्ययन गरिएको यस अध्ययन अनुसन्धानको औचित्य निम्न अनुसार हुन सक्ने आशा राखेको छु ।

(क) सामुदायिक र संस्थागत विद्यालयमा कक्षा 8 को पाठ्यक्रम कार्यान्वयनको तुलनातात्मक विद्यमान अवस्था थाहा पाउन चाहने संवन्धित विषय शिक्षकहरु, पाठ्यक्रम विदहरु र सम्पूर्ण सरोकारवाला व्यक्तिहरुको निम्ति सहयोगी सामग्रीको रुपमा ।

(ख) यस अध्ययनन कार्यसंग संवन्धित सरोकार वाला व्यक्ति तथा निकायहरुका लागि सामुदायिक र संस्थागत विद्यालयमा रहेको शिक्षण सिकाई क्रियाकलापको विद्यमान अवस्था विद्यार्थीहरुको शैक्षिक उपलब्धिको विद्यामान अवस्था, शिक्षकहरुको पेशागत दक्षता पाठ्यक्रम कार्यान्वयनका विद्यमान समस्या र समाधानमा अपनाएका उपायहरु थाहा पाउन ।

(ग) सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्था अध्ययन गर्न चाहने अन्य शैक्षिक व्यक्तिहरु सरोकारवाला निकायहरु तथा अनुसन्धान कर्ताहरुको लागि संवन्धित आधार र साहित्यको रुपमा ।

(घ) अध्ययनमा समावेश विषयहरु संगै संवन्धित विशेषज्ञ तथा विषय शिक्षकहरु पाठ्यक्रम कार्यान्वयनसंग संवन्धित सरोकारवालाहरु सामुदायिक तथा संस्थागत विद्यालयका

शिक्षक तथा शिक्षा प्रेमीहरुलाई सामुदायिक संस्थागत विद्यालयको कक्षा ८ को पाठ्यक्रम कार्यन्वयनमा देखिएका समस्याहरुका आधारमा पाठ्यक्रमको योजना गर्न, पाठयक्रमको परिमार्जन गर्न, पाठ्यक्रम कार्यान्वयन पक्षलाई सुधार गर्न, सामुदायिक र संस्थागत विद्यालयको नि.मा.वि. तहमा समान किसिमको तालिमको व्यवस्थापन गर्न, शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरि समग्र शैक्षिक क्षेत्रको पाठ्यक्रम कार्यान्वयनमा सुधार गर्न यस अध्ययनले सल्लाह र सुझावको रुपमा भूमिका खेल्ने छ ।

**१.४. अध्ययनको उद्देश्य**

क. सामुदायीक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको विद्यमान भौतिक , आर्थिक र शैक्षिक व्यवस्थापन जस्ता तत्वहरुको तुलना गर्नु ।

ख. सामुदायीक र संस्थागत विद्यालयमा कक्षा क्रियाकलाप, अतिरिक्त क्रियाकलाप र विद्यार्थी मूल्यांकनको अवस्था विश्लेषण गर्न ।

**१.५ अनुसन्धान प्रश्नहरु :**

यस अनुसन्धानमा निम्न अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरियो ।

(क) विद्यालय संचालनका लागि तयार गरिएका योजनाहरु के कस्ता छन् ?

(ख) पठन पाठनका लागि आवश्यक पाठ्यक्रम र पाठ्यपुस्तकका् कस्तो छन् ?

(ग) पाठ्यक्रम कार्यान्वयनका लाीग पूर्वाधारहरुको स्थिति के कस्तो छ ?

(घ) पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको व्यवस्थापन के कसरी भएको छ ?

(ङ) पाठ्यक्रम कार्यान्वयनका लागि विद्यार्थीको व्यवस्थापन के कस्तो रहेको छ ?

(च) विषयगत कक्षा शिक्षण क्रियाकलापको अवस्था कस्तो छ ?

(छ) विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था के कस्तो छ ?

(ज) विद्यार्थीको मूल्यांकन प्रणालीको अवस्था के कस्तो रहेको छ ?

### १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको सिमा निर्धारण गर्नु अति आवश्यक हुन्छ। निश्चित र निर्धारित सिमा भित्र रही गरिएको अध्ययन अनुसन्धान सटिक व्यवहारिक र रुचिकर हुने गर्दछ। जसले गर्दा निर्धारित उद्देश्य अनुसारको उपलब्धिहरु हासिल गर्न सजिलो हुन्छ । त्यसैले सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्था पहिचान गर्न गरिने अध्ययनलाई निम्न सिमा भित्र रहेर पुरा गरिने छ ।

क) यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यायमा कक्षा ८ को सम्पूर्ण विषयको पाठ्यकम कार्यान्वयनको तुलना संग मात्र केन्द्रित रहेको थियो ।

ख) शिक्षा संवन्धित उच्च स्तरीय कार्य समिति २०५८ ले समान्य परिमार्जन गरेको उच्च स्तरीय राष्टिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले निर्धारण गरे अनुसारको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनासंग सम्वन्धित रहेको थियो ।

ग) उक्त अध्यनको लागि गोरखा जिल्लाको सामुदायिक विद्यालयहरु मध्ये श्री सिंजाली मा.वि. ताक्लुङ र संस्थागत विद्यालयहरु मध्ये गोरखा वोर्डिङ मा.वि.गोरखा गरी जम्मा २ वटा विद्यालयमा सिमित गरियो ।

घ) अनुसन्धानमा आवश्यक सूचना संकलन गर्न परिच्छेद ३ को अनुसन्धान ढाँचामा उल्लेख भए अनुसारका साधनहरुको मात्र प्रयोग गरियो ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई अझ नविनतम र राम्रो तरिकाले अगाडि बढाउनको निम्ति संवन्धित अध्ययन अनुसन्धानहरु र अवधारणात्मक धारणाको अध्ययन र विश्लेषण गर्ने कार्य अति महत्वपूर्ण बन्न आउँदछ । अध्ययनको क्रममा आउने अस्पष्टता र दुविधाहरुको बाटो पत्ता लगाउने उद्देश्यले यस अध्ययनसंग सम्वन्धित सिद्धान्तहरु, शिक्षण विधिसंग सम्वन्धित सिद्धान्तहरु, सम्वन्धित परिभाषाहरु गुणात्मक मूल्याङ्कनका नमुना, सम्वन्धित अध्ययन अनुसन्धानको प्रतिवेदनहरु र अवधारणात्मक धारणाहरुको अध्ययन गरिने छ । जस मध्ये केही आवश्यक सान्दर्भिक अध्ययनहरुलाई यहाँ उल्लेख गरिएको छ ।

## २.१. सैद्धान्तिक आधारहरु :

यस अध्ययनलाई पारदर्शी र नयाँ ढंगबाट अगाडि बढाउनका लागि पूर्व अध्ययनहरु मध्ये विद्यालय व्यवस्थापन प्रणाली सिद्धान्तहरु शिक्षण विधि सम्वन्धि सिद्धान्तहरु सम्वन्धित परिभाषाहरु र गुणात्मक मूल्यांकनका नमूनाहरुलाई यहाँ समिक्षात्मक रुपले प्रस्तुत गरिएको छ । जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नका लागि आधार प्रदान गरेको छ ।

## २.२. विद्यालय व्यवस्थापनसंग सम्वन्धित सिद्धान्तहरुको पूनरावलोकन :

यस अध्ययनसंग सम्वन्धित आधारहरुको अध्ययन गर्ने क्रममा विद्यालय व्यवस्थापन प्रणाली सम्वन्धि अध्ययन गरिएको थियो । विद्यालय व्यवस्थापन प्रणाली अर्न्गतका विभिन्न सिद्धान्तहरु मध्ये कुन अध्ययन बढी सान्दर्भिक छ र कुन सिद्धान्तलाई यस अध्ययनको केन्द्र विन्दु मान्न सकिन्छ । त्यसको अध्ययन यहाँ सान्दर्भिक मानिन्छ । त्यसैले विद्यालय व्यवस्थापन प्रणाली सम्बन्धी अध्ययनबाट प्राप्त सैद्धान्तिक कुराहरुलाई समिक्षात्मक रुपले उल्लेख गरिएको छ । यसले सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थाको सान्दर्भिक आधार सिर्जना गरेको छ ।

**क. राष्ट्रियकरणको सिद्धान्त :**

शैक्षिक राष्ट्रियकरण भन्नाले निजी स्वामित्वमा भएको शैक्षिक संघ, संस्था र गुठी अन्तर्गतका विद्यालयहरुलाई राष्ट्रिय स्वामित्वमा लानु पर्ने कुरालाई वुझिन्छ ।

हाल संस्थागत विद्यालयल चर्को शुल्क लिने मनोमानी ढंगले शुल्क बढाउने, शिक्षा ऐन नियमावलीको पालना नगर्ने विद्यालयबाट पोशाकहरु वितरण, गर्ने पाठ्यक्रम विकास केन्द्रबाट अस्वीकृत पुस्तकहरु पठनपाठन गराउने, अनावश्यक निति नियम लाद्ने जस्ता कारणहरुलाई आधार मानेर कतिपय सरोकारवाला व्यक्ति तथा अभिभावकहरुले सवै संस्थागत विद्यालय विद्यालयहरुलाई राष्ट्रियकरण गर्नु पर्ने आवाज उठाइ रेहका छन् । संस्थागत विद्यालयहरु राष्ट्रियकरण गर्दैमा गुणस्तरमा सुधार आउँछ त ? संस्थागत विद्यालयको मनोमानी हट्न सक्ला त ? यी र यस्ता प्रश्नहरुले .राष्ट्रियकरणमा चुनौती बनाएको छ । आजको परिवर्तित समय र राष्ट्रको संघिय अग्रपथलाई विश्लेषण गर्दा राष्ट्रियकरण प्रणालीमा विद्यालयहरुलाई व्यवस्थापन गर्नु बढी असान्दर्भिक ठानी यस अध्ययनमा राष्ट्रियकरण प्रणाली अव्यवहारिक र वेमेल रहेको महसुस गरियो ।

**ख. शैक्षिक केन्द्रिकरणको सिद्धान्त :**

राज्यको राज्य  सत्ता, सार्वभौमसत्ता शासकीय स्वरुप, प्रशासनिक स्वरुप कार्यप्रणाली जस्ता काम कर्तव्य र अधिकारहरु केन्द्रीत तहमा निहित हुनुलाई केन्द्रिकरण प्रणाली भनिन्छ । शैक्षिक क्षेत्रको केन्द्र देखि स्थानीय तहसम्म शिक्षा संवन्धि काम कर्तव्य र अधिकारहरु केन्द्रमा नै निहित हुनुलाई नै शिक्षामा केन्द्रिकरण भनिन्छ । समग्र राष्ट्र भरि नै शैक्षिक कार्यक्रम संचालन गर्न आवश्यक पर्ने पाठ्य पुस्तक, शिक्षक भौतिक पूर्वाधार जस्ता पक्षहरुलाई ध्यान राखी शैक्षिक उद्देश्य विषय वस्तु र शिक्षण क्रियाकलाप र मूल्याकन जस्ता विषयहरुको निम्ति निर्माण केन्द्रिय तहबाट तयार गरि कर्यान्वयन गरिने पाठ्यकम केन्द्रिकृत पाठ्यकम हो ।

नेपालमा वि.स. १९१० मा औपचारीक शिक्षाका शुरुआत भए पश्चात केन्द्रिकृत पाठ्यक्रमका हावी भए को रा.शि.प. योजना २०२८ साल देखि शिक्षामा एक रुपता कायम गर्न शिक्षामा राष्ट्रियकरण गरिएको हो । राष्ट्रले तोकेको राष्ट्रिय उद्देश्य पुरा गर्ने कममा शिक्षा मन्त्रालय मातहतका निकायहरुले राष्ट्रमा आवश्यक पर्ने शैक्षिक निति, पाठ्यक्रम पाठ्यवस्तु शैक्षिक

सामग्री शिक्षाका उद्देश्यहरु तथा शैक्षिक विषय निर्माण र कार्यान्वयन प्रणाली निर्माण गरि राष्ट्रको उद्देश्य अनुसारको जनशक्ति तयार गर्नु पर्दछ भन्ने केन्द्रिकरणको सिद्धान्त हो ।

शैक्षिक केन्द्रिकरणको सिद्धान्तले केन्द्रदेखि स्थानीय तह सम्म शैक्षिक कार्यक्रम र नियमहरु केन्द्रमानै निहित रहेको हुन्छ । केन्द्रीकरणको मर्मले भौगोलिक, शैक्षिक, आर्थिक, भाषा, लिपी, वर्ण , राजनैतिक, मनोवृत्ति, तथा चाहनालाई मध्येनजर गरेर केन्द्रित तहबाट नै एउटै किसिमको केन्द्रिय पाठ्यक्रम निर्माण गर्ने कार्य गर्दछ ।

भौगोलिक अवस्था, शैक्षिक परिवेश र भाषागत अवस्था जस्ता पक्षमा बिभिन्नता रहेको हाम्रो देशमा बदलिदो परिस्थिति संगै शैक्षिक केन्द्रिकरणको सिद्धान्तको बारेमा धेरै आलोचना हुन थाले पछि समग्र राष्ट्रको शैक्षिक प्रणाली हितकर हुन कति कतै आप्ठ्यारा विषयहरु सिर्जना भए पछि शैक्षिक केन्द्रिकरणको सिद्धान्तको पूरक व्यवस्थाको रुपमा माग भइरहेको पाइन्छ । राष्ट्र भरि नै एउटै पाठ्यक्रम लागु हुनाले निति निर्माताको इच्छामा निर्भर हुने भएकोले केन्द्रिकृत शिक्षा प्रणाली असफल हुदै गएको पाइन्छ । मैले गरेको अध्ययन पाठ्यक्रम कार्यान्वयनसंग सम्वन्धित रहेको अर्थात स्थानीय तहसंग सम्वन्धित छ भने यस केन्द्रिकरण शैक्षिक व्यवस्थापन प्रणाली केन्द्रिय प्रवृतिको केन्द्रीकृत शैक्षिक व्यवस्था प्रणाली हो । त्यसैले यस सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थाको अध्ययन गर्ने सन्दर्भमा यस केन्द्रिकरण शैक्षिक व्यवस्था प्रणालीको सामान्यीकरण असान्दर्भिक हुन गएको थियो ।

**ग. निजीकरणको सिद्धान्त :**

सरकारी स्वामित्वमा रहेका वस्तुहरुलाई व्यक्तिकरण गरिनुलाई निजिकरण भनिन्छ । सरकारी स्वामित्वमा रहेका सम्पूर्ण शैक्षिक संस्थाहरु सरकारको स्वामित्वबाट हटाइ व्यक्तिको अधिकारमा सिमित गर्नुलाइ शैक्षिक निजिकरण भनिन्छ । तत्कालीन श्री ५ को सरकारले ल्याएको “राष्ट्रिय मूल निति २०४५” मा निजिकरणको व्यवस्था गरेको छ । र जनसहभागितामा नै विद्यालय व्यवस्थापन र संचालन गर्ने कुराको पनि उल्लेख गरेको छ । तत्कालीन श्री ५ को सरकारले निजि लगानीमा विद्यालय संचालन गर्ने स्वीकृति दिन थाले पनि धमाधम विद्यालयहरु खोलेको पाइन्छ । (शर्मा,२०६० पे.३३५) सरकारी विद्यालयहरु निजिकरण गर्दैमा सम्पूर्ण शैक्षिक स्तरमा सुधार आउला त ? बिभिन्न शिक्षा विदहरुले विश्लेषण गरेको पाइन्छ । यसै सिल सिलामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदै गएकोकारण सामुदायिक विद्यालयको व्यवस्थापन उपयुक्त हुन नसक्नाले नै विद्यालयहरुलाई निजिकरण गर्नु पर्ने अवधारणहरु आएको

पाइन्छ ।सरकारी विद्यालयहरुको खस्कदो शैक्षिक गुणस्तरलाई सुधार गर्न सामुदायिक विद्यालयहरुलाई निजिकरण गरिनु पर्दछ भन्ने विश्लेषण निजिकरणवादीहरुको रहेको पाइन्छ । स्थानीय तहको विद्यालयहरुलाई केन्द्रिय स्तरबाट व्यवस्थापन गर्न अव्यवहारिक र असफल शिक्षा पद्धति हुने भएकोले राष्ट्रियकरण गरिएको विद्यालयलाई निजिकरण तर्फ लैजानु राष्ट्रियकरणको तुलनामा उपयुक्त हुने मानिन्छ । जस्ले गर्दा स्थानीय स्तरका समस्याहरु स्थानीय स्तरमा नै समाधान गर्न सहज वन्दछ । शैक्षिक निजिकरण व्यवस्थापन प्रणालीमा आवश्यकता अनुसारको भाषागत मिलान, शिक्षकहरुको छनौट, शैक्षिक गुणस्तर निर्माण गर्न अन्य शैक्षिक व्यवस्थापन प्रणाली भन्दा सहज बन्दछ । पाठ्यक्रम कार्यन्वयन देखिएका समस्याहरुलाई सजीलै हल गर्न सकिन्छ । यसरी हेर्दा निजिकरण शैक्षिक व्यवस्थापन प्रणाली शैक्षिक विकेन्द्रिकरण प्रणालीको सिद्धान्त संग बढी निकटतम रहेको देखिन्छ । यस शैक्षिक निजिकरण व्यवस्था प्रणाली शैक्षिक केन्द्रिकरण व्यवस्था प्रणालीको तुलनामा पाठ्यक्रम कार्यान्वयनसंग बढी नजिकको सम्बन्ध राख्दछ । यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रमको कार्यान्वयनसंग संवन्धित भएकोले शैक्षिक निजिकरणको सिद्धान्त यस अध्ययनमा सान्दर्भिक मानिएको छ ।

**घ. शैक्षिक विकेन्द्रिकरणको सिद्धान्त :**

राज्य संचालनको केन्द्रमा रहेको अधिकारहरु स्थानीय तह स्तर सम्म प्रत्यायोजन गर्ने कर्यालाई विकेन्द्रिकरण भनिन्छ । विकेन्द्रीकरण केन्द्रिकरण सिद्धान्तको परिपुरक बनेर मिश्रित रुपमा कार्यान्वयनमा आएको छ । यी दुवैको आवश्यकता अनुसार महत्वपूर्ण स्थान रहेको देखिन्छ । त्यसै गरी शैक्षिक व्यवस्थापनको कार्यलाई केन्द्रकाट मात्र नभई व्यवस्थित तवरबाट स्थानीय स्तर सम्म पु¥याउने कार्यलाई शैक्षिक व्यवस्थापन भनिन्छ । स्थानीय जनताको चाहाना शैक्षिक व्यवस्थापन, जनसहभागिता र जिम्मेवारीमा संचालन गर्ने गराउने कार्य नै शैक्षिक विकेन्द्रिकरण हो । केन्द्रिय स्तरबाट मात्र स्थानीय शैक्षिक आवश्यकताहरु पूरा गर्न कठिन हुने भएकोले स्थानीय तह वा समुदायलाई शैक्षिक विकासका कार्यक्रममा सहभागि बनाउने कार्य नै शैक्षिक विकेन्द्रिकरण हो । शैक्षिक कार्यक्रमलाई स्थानीय स्तरमा सवल र सुदृढ बनाउने, स्थानीय श्रोत र साधनको श्रेष्ठतम उपयोग गर्ने, कानुनी एवं प्रशासनीक अधिकारको उपयाग गर्ने कार्य शैक्षिक विकेन्द्रीकरण मानिन्छ । यस अन्तर्गत शैक्षिक प्रशासकीय अधिकार र जिम्मेवारीलाई श्रोत र साधन सहित जनताको साथमा स्थानीय स्तरबाट नै कार्य व्यवस्थापन गर्ने नीतिगत कार्यहरु गरिन्छ । शैक्षिक विकेन्द्रिकरण लोकतान्त्रिक शासन व्यवस्थाको मुख्य आधार हो । यसले

शैक्षिक क्रियाकलाप व्यवस्थापनमा स्थानीय समुदाय, शिक्षकहरु र विद्यार्थीहरुलाई सर्वोपरि हुन भन्ने मान्दछ । (काफ्ले, मंसीर १५, २०६६)
विभिन्न विद्धानहरुले शैक्षिक विकेन्द्रिकरणको सिद्धान्तलाई फरक फरक ढंगबाट विश्लेषण गरेको पाइन्छ । विकेन्द्रिकरणको प्रमुख निर्देशक सिद्धान्तले स्थानीय समुदायलाई सर्वोपरि ठानी कार्य गर्ने भएकाले शैक्षिक व्यवस्थापनमा पनि यही सिद्धान्तले स्थान पाएको छ । शैक्षिक विकेन्द्रिकरणको आधारहरु अन्तर्गत आफूलाई प्राप्त जिम्मेवारीलाई तल्लो निकाय वा पदमा सुम्पने कार्य प्रकृया शिक्षा मन्त्रालय अन्तर्गतका कार्यहरुलाई क्षे.शि.नि.तथा शिक्षा किवास तथा समन्वय इकाइबाट सम्पन्न गराउनु र वैधानिक रुपमा स्थापना भएका स्थानीय निकायहरुलाई तिनीहरुको क्षमता , आवश्यकता र माग अनुसार कार्य संचालनका लागि कानुनी रुपमा जिम्मेवारी दिनु जस्ता कार्यहरु पर्दछ । (काफ्ले, २०६६)

शैक्षिक विकेन्द्रिकरणमा हाल सम्मका प्रयासहरुलाई हेर्दा प्राचिन कालमा पनि शिक्षामा विकेन्द्रिकरण भएको पाइन्छ । नेपालको अन्तरीम संविधान २०६३ ले प्रा.वि. तहमा मातृभाषामा पढाउन पाउने व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन २०५५ ले गा.वि.स बाट न.पा ले आफ्नो क्षेत्र भित्र पूर्व प्रा.वि. खोल्न दिने अनुमतिको अधिकार पाएको छ । शिक्षा ऐन २०२८ र नियमावली २०५९ मा विद्यालय संचालन, रेखदेख व्यवस्थापन र समन्वय गर्ने अधिकार अभिभावकमा हुनु सवैका लागि शिक्षा (२००४-२००९) ले विद्यालयको आवश्यकता लाई राष्ट्रिय नीति संग र राष्ट्रिय संगठनहरुको ज्ञान र क्षमतालाई विद्यालयको आवश्यकतासंग मिलाउन विकेन्द्रिकृत योजना तर्जुमा र व्यवस्थापन प्रणालीको विकास गरिने कुरामा जोड जस्ता कुराहरुलाई शैक्षिक विकेन्द्रिकरणका सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था बनाई न्यायपूर्ण रोजगार मूलक विकेन्द्रित शैक्षिक व्यवस्थापन हुन सके अपेक्षित शैक्षिक उपलब्धि हासिल हुनुका शैक्षिक विकेन्द्रीकरणको व्यवहारमा समेत प्रयोग हुने देखिन्छ । राष्ट्र भरिको भौगोलिक क्षेत्र एकै छ त ? राष्ट्र भरि नै एकै शिक्षकले पढाउन सक्दछ त ? राष्ट्र भरि नै एउटै भाषा छन् ? यस्ता प्रश्नहरुले विकेन्द्रिकरणको  आवश्यकतालाई महत्व दिएको छ । मैले गरेको यस अध्ययनमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्था संग सम्बन्धित रहेको र शैक्षिक विकेन्द्रिकरणको सिद्धान्त पाठ्यक्रम कार्यान्वयनसंग निकटतम भएकोले शैक्षिक विकेन्द्रिकरणको सिद्धान्तलाई यस अध्ययनको प्रमुख आधार मानेर अध्ययन गरेको छु ।

## २.३. शिक्षण विधिसंग सम्वन्धित सिद्धान्तहरुको पुनरावलोकन :

यस अध्ययनलाई सफल तरिकाले सम्पन्न गराउने क्रम अन्तर्गत शिक्षण विधि संवन्धित विभिन्न सैदान्तिक दर्शनहरुको अध्ययन गरि समिक्षा गरिएको छ । जसले सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन गर्नको लागि धेरै आधार प्रदान गरेको थियो जुन तपसिल बमोजिम छन् ।

### क. आदर्शवाद :

आदर्शवादीहरुले जुन सुकै विषयको शिक्षण सिकाई क्रियाकलापलाई शिक्षकको विवेकमा छाडेका छन् । आदर्शवादी सुकरातकाृ प्रश्नोतर र छलफल विधिलाई जोड दिएका छन् भने प्लेटोले वादविवादलाई शिक्षण विधिको रुपमा लिएका छन् । त्यस्तै हेगनले तार्किक विधिलाई शिक्षण विधिको रुपमा प्रस्तुत गरेका छन् । (चोवे र चोवे, १९९५) उपरोक्त आदर्शवादीहरुले सिफारिस गरेको शिक्षण विधिहरु कक्षा शिक्षणमा पाठ्यक्रम कार्यान्वयनको समयमा प्रयोग भएका छन् त? यदी आएको छ भने के कति मात्रामा आएको छ ? यदी प्रयोगमा आएको छैन भने किन आउन सकेन ? यी र यस्ता विषयहरु यस अध्ययन संग संवन्धित भएकोले आदर्शवादका माथि उल्लेखित कुराहरुलाई यस अध्ययनको आधार बनाइने छ ।

### ख. अस्तित्ववाद :

अस्तित्ववादका अनुसार सिकाई भनेको त्रिमुखी प्रकृया हो । जसमा शिक्षक, विद्यार्थी र पाठ्यक्रमको अन्तर सम्वन्ध रहेको हुन्छ । यस दर्शनले शिक्षकलाई वातावरण निर्माण कर्ताको रुपमा मानेको छ । शिक्षकले नै विद्यार्थीका अन्तनिहित प्रतिभा प्रस्फुटन गराउन सक्षम बन्दछ । शिक्षकको ज्ञानबाट नै विद्यार्थीले आफ्नो अस्तित्व सम्मान गर्ने गर्दछन् । अस्तित्ववादीहरु वाल वालिकाहरुले शिक्षाको माध्यमबाट आत्मानुभूति गर्न सक्ने बनाउनु पर्दछ भन्ने कुरामा विश्वास गर्दछन् । शिक्षण भनेको शिक्षक र विद्यार्थी विचको संवाद हो । सुकरातका अनुसार शिक्षण विधिको प्रयोग गर्नु हुदैन । दुवै पक्षको सहमतिको आधारमा शिक्षण गर्नु पर्दछ भन्ने मा विश्वास गर्दछन् । वाल वालिकाहरु भुल र प्रयत्नको विधिबाट सिक्छन् । तसर्थ यस विधिलाई प्रयोगमा ल्याउनु पर्दछ । ( चोवे र चोवे, १९९५) ) कक्षा कोठा सिकाई प्रकृयामा शिक्षक र विद्यार्थी विचको अन्तक्रिया के कस्तो हुने गर्दछ ? विद्यार्थीको क्षमता अनुसार ज्ञान दिने गरेको छ वा जवरजस्ती ज्ञान लाद्ने गरिएको छ ? कक्षा शिक्षणमा भुल र प्रयत्न विधिको प्रयोग

गरिएको छ वा छैन यस्ता खालका विषयहरुको खोजी गर्न अस्तित्ववादको मान्यतालाई यस अध्ययनमा सहयोगीको रुपमा लिइनेछ ।

**ग. प्रकृतिवाद :**

रुसोका अनुसार सिकारुलाई असल नागरिक बनाउने हो भने डर र त्रास  नदिई वालमैत्री वातावरण बनाउने हो भने डर र त्रास नदिई वाल मैत्ती वातावरण बनाउनु पर्दछ र इन्द्रियबाट प्राप्त अनभुव वालकलाई दिनु पर्दछ । उनको मुख्य मान्यता भनेको (प्रकृति तर्फ फर्क भन्नु) हो । (चोवे र चोवे, १९९५) वाल वालिकालाई वाल मैत्री वातावरणमा किया कलाप संचालन गर्नु पर्ने यिनको धारणा छ । सामुदायिक र संस्थागत विद्यालयहरुले प्रकृतिवादको मान्यताालाई विद्यालयहरुले प्रकृतिवादको मान्यतालाई व्यवहारमा अगालेका छन् त ? व्यवहारिक रुपमा प्रकृतिवादको मान्यता अनुसार मान्यता लागु गरेका छन् त ? यस अध्ययनमा यस्ता प्रश्नहरुले सामुदायिक र संस्थागत विद्यालयहरु विच पाठ्यक्रम कार्यान्वयनको अवस्था तुलना आधार प्रदान गरियो ।

**घ. यथार्थवाद**

प्रत्यक्ष रुपमा अवलोकन गरेर शिक्षण सिकाई प्रकृयालाई अगाडि वढाउने विधिलाई यथार्थवादी शिक्षा भनिन्छ । कक्षा शिक्षणमा इन्द्रियहरुको प्रयोगको साथै स्थल भ्रमण र प्रत्यक्ष अवलोकन विधिद्धारा शिक्षण गरिन्छ । शिक्षण सिकाई कियाकलापमा  वस्तुगत ज्ञान लागि रुचीकरण विषय वस्तुको प्रस्तुतीकरण पछि प्रत्यक्ष रुपमा पाठ्य वस्तुको अवलोकन विधि प्रयोगात्मक विधि जस्ता विधिहरु अपनाएर शिक्षण कार्य संचालन भएको छ  वा छैन सो वारेमा यथार्थ अध्ययन गर्न यथार्थवादी धारणाको सहयोग लिई सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रमको तुलना गरियो ।

**ङ. प्रयोजनवाद/प्रगतिवाद :**

प्रयोजनवादी John Dewey का अनुसार शक्षिक प्रकृया भित्र वालक अपरिपक्क र अविकिसिल प्राणी र उसलाई परिपक्क र अनुभव युवाहरुले समाजमा सामाजिक लक्ष्य मूल्य र मान्यताका साथ अघि वढिरेका हुन्छन् । यसैले यी दुवै तत्वहरु विचको अन्तकिया नै शिक्षण सिकाई किया हो । उनले श्रब्य दृश्य विधिलाई विधिलाई शिक्षणको केन्द्र विन्दुको रुपमा मानेको छ । यस

विधिले गरेर सिक्ने विधिमा केन्द्रिकृत गर्दछ । प्रगतिवादीहरु विचारमा भन्दा कार्य व्यवशमरकम विश्वास गर्दछन् । प्रगतिवादीहरु शिक्षण कार्य स्व.कियाकलाप मुखी हुनु पर्दछ भन्ने कुरामा जोड दिन्छन् न कि विचारमा मात्र होइन । शिक्षण कार्य वाल वालिकाको आवश्यकता , रुची, एवं क्षमता अनुसार हुनु पर्दछ । भन्ने कुरामा जोड दिन्छन् । सैदान्तिक भन्दा व्यवहारिक कुरामा जोड दिन प्रोत्साहित गर्नु पर्दछ । प्रगतिवादी John Dewey ले सिकाई वृद्धीका लागि हाल , आँखा कान र सम्पूर्ण शरिर नै पयोग गर्नु पर्ने कुरा उल्लेख गरेका छन् । "The hands, the eyes, the ears, in fact the whole body should be utilized for learning growth" (cited by Dhakal and koirala, 2066 B.S.p.49) कक्षा ८ को पाठ्यकम कार्यान्वयन प्रवचन प्रवृति वा कियाकलाप मुखी के छ ? सो सम्वन्धमा जान्नको लागि यस दर्शनलाई आधार मानेर अनुसन्धानलाई अगाडि बढाइएको थियो । सामुदायिक वा संस्थागत विद्यालयले मध्ये कुन हो स्वकियाकलाप विधिलाई बढी मात्रामा लागू गरेको छ ? भन्ने सन्दर्भमा तुलनात्मक अध्ययनको यो दर्शन सहयोगी बनेको थियो । समग्रमा भन्ने हो भने शिक्षण विधि संवन्धि सिदान्तहरु अर्नात विभिन्न वादहरुले उल्लेख गरे अनरुपको प्रश्नोत्तर विधि, वादविवाद विधि, छलफल विधि, प्रदर्शैन विधि, तार्किक विधि, संवाद विधि, तार्किक विधि, भुल र प्रयत्न विधि, पत्यक्ष अवलोकन विधि, प्रयोगात्मक विधि, विधि, स्वः कियाकलाप विधि र विद्यार्थी रुची अनुसारको वाल मैत्री विधिकरु सामुदायिक तथा संस्थागत विद्यालयहरुमा के कसरी उपयोगमा ल्याएका छन् त ? सो वारेमा यस अध्ययन अनुसन्धान गर्दा उल्लेख गरेका वादहरुले मार्ग निर्देश गरेको थियो ।

### २.४. पाठ्यकमसंग संवन्धित परिभाषाहरुको समिक्षा :

सैदान्तिक र आधारहरुको अध्ययन र समिक्षा गर्ने कममा विभिन्न विद्धानहरुले उल्लेख गरेका परिभाषाहरुको अध्ययन गरिएको थियो । मैले अध्ययन गर्न लागेको यस अध्ययनमा पाठ्यकम संग सम्वन्धित केही सान्दर्भिक पाठ्यकमका परिभाषहरु अगाडि परिचय खण्ड मा उल्लेख गरि सकिएको छ । परिचय खण्डमा उल्लेख गरि सकिएको छ । परिचय खण्डमा उल्लेख गरिएको विभिन्न विद्धानहरुद्धारा प्रस्तुत परिभाषाहरुलाई यहा समिक्षात्मक रुपमा प्रस्तुत गरि विश्लेषण गरिएको छ । यस पाठ्यकमको परिभाषामा यस अध्ययनसंग आंशिक रुपमा सान्दर्भिक रहेको थियो । (क्यासवेल र कम्वेल १९३५) का अनुसार पाठ्यकमलाई शिक्षकको निर्देशन अन्तर्गत वालकको अनुभवको आधारमा संगठित गरिनु पर्दछ । पाठ्यकम योजनालाई सिकारुका अनुभवहरु अन्तर्गतका सम्पूर्ण तत्वहरुको ध्यान दिई प्रयोग गर्नु पर्दछ । उनले पाठ्यकमको

सन्दर्भमा प्रष्ट पारेको धारणले शिक्षकको निर्देशनमा विद्यार्थीले प्राप्त गरेको अनुभवहरुलाई जोड दिएको छ । जुन पाठ्यक्रम कार्यान्वयन संग सवन्धित रहेको छ । यस अध्ययनको शीर्षक पाठ्यक्रम कार्यान्वयन संग र शैक्षिक विकेन्द्रिकरणका सिद्धान्तसंग सान्दर्भिक रहेको थियो ।
त्यसै गरि (यूनेस्को) ले पाठ्यक्रम भनेको शिक्षक र विद्यार्थी विचको अन्तक्रिया हो, जुन विभिन्न शैक्षिक लक्ष्यहरु प्राप्तिका लागि तयार पारिएको हुन्छ । यसले शिक्षण सिकाईका मुख्य केन्द्र विन्दु शिक्षक र विद्यार्थी विचको अन्तक्रिया लाई जोड दिएको छ । लिखित रुपमा तयर पारेको पाठ्यक्रम कक्षा शिक्षणमा शिक्षक र विद्यार्थी विच अन्तक्रिया भएन भने सिकाई उपलब्धि हासिल गराउन सकिदैन । तसर्थ शिक्षा क्षेत्रका विशिष्ट लक्ष्य हासिल गराउन लिखित पाठ्यक्रमलाई कक्षा शिक्षणमा शिक्षक र विद्यर्थी विच हुनु पर्दछ अनि मात्र पाठ्यक्रम ले पूर्णता प्राप्त गर्दछ । युनेस्कोको परिभाषाले पाठ्यक्रमले पूर्णता प्राप्त गर्दछ । युनेस्कोको परिभाषाले पाठ्यक्रम कार्यान्वयनलाई व्यापक रुपमा समेटेको छ । मैले गरेको यस अध्ययनमा शैक्षिक विकेन्द्रिकरणको सिद्धान्तमा आधारित रही कक्षा ८ को सामुदायिक विद्यालय र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थासंग संवन्धित रहेकोले अध्ययनको केन्द्र विन्दु रहनेछ ।

### २.५. सम्वन्धित प्रयोगात्मक साहित्यको पुनरावलोकन :

सैद्धान्तिक आधारहरुको अध्ययन र समिक्षा गर्नुको साथै यस अध्ययनसंग संवन्धित पूर्ण अध्ययनहरुको अध्ययन र समीक्षा गरेको थियो । यी अध्ययनहरुको अध्ययन र समीक्षा गरेको थियो । यी अध्ययनहरुले पहिलेका अध्ययनहरु थाहा पाउन र उक्त अध्ययनहरुले समेटने नसकेका कुराहरुलाई समेटन र यस अध्ययनलाई अगाडि बढाउन ठोस आधार प्रदान गरेको अनुभूत गरेको छु । अध्ययन गरेका समीक्षात्मक प्रस्तुतीहरु निम्न अनुसार रहेको छ । Research cenrte for Educational invoaation and Development CERID) ले वि.स. २०२८ सालमा विभिन्न चरणमा देश भरमा लागू भइ सक पछि प्रा.वि. तह (१-३) का वालवालिकाहरुको पढाई लखाई र अंक संवन्धि उपलब्धि स्तर कस्तो रहयो भनि त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रले देशको तत्कालिन चार विका क्षेत्रको हिमाली, पहाडी र तराई प्रदेशका १२ जिल्लामा यो अनुसन्धान गरेको थियो जसमा निम्न उदेश्यहरु थिए ।

- प्राथमिक तह उत्तीर्ण विद्यार्थीहरुको साक्षरताको मापन गर्न
- भाषा, लिंग र भौगोलिक अवस्थितिले प्रा.वि तहका वाल वालिकाको सिकाइ उपलब्धि मा पाइने प्रभाव पत्ता लगाउन
- प्रत्येक विकास क्षेत्रका प्रा.वि. तह उतीर्ण वाल वालिकाको प्राप्त सारक्षता तहको तुलनात्मक अध्ययन गर्नु ।

यस अध्ययनका लागि १९७७ मा प्रकाशित शैक्षिक तथ्यांकको आधारमा प्रकाशित शैक्षिक तथ्यांकको आधारमा देशका चारै विकास क्षेत्रका हिमाली, पहाडी र तराई प्रदेशबाट १२ वटा विद्यालयलाई नमुनाको रुपमा छनौट गरि अध्ययन गरिएको थियो । यस अध्ययनका साधनहरुमा साक्षरता मापन परिक्षण र शैक्षिक अन्तवार्ता फाराम वाल वालिकाको लागि थियो भने अन्तवार्ता फराम शिक्षकका लागि थियो । अधययनको निष्कर्षमा पढाई भन्दा लेखाईमा बढी विविधता भएको, साक्षरता उपलब्धि सवै भन्दा वढी पूर्वान्चल र सवै भन्दा कम सुदुर पश्चिमान्चलमा भएको र पढाई लेखाई भन्दा गणितमा कमजोर भएको पाइएको थियो । गणितका ४ कियाहरु प्रयोग गरी हिसाव गर्न नसकिएको पाइएको थियो । सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा प्रा.वि तहमा लेखाई र गणितमा जोड दिनु पर्ने , गणित का ४ नियमलाई अर्थपूर्ण तरिकाले सिकाउनु पर्ने तालिमको माध्यमबाट शिक्षकलाई आधुनिक शिक्षण विधिहरुको प्रयोग गर्नु मद्यत गर्ने , पूर्वाञ्चलको तुलनामा अन्य क्षेत्रका शिक्षकहरुलाई भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको उपलब्धतामा जोड दिनु पर्ने जस्ता सुझावहरु पेश गरेको पाइन्छ ।


खतिवडा (२०६६) सार्वजनिक विद्यालयहरुमा राजनैतिक हस्तक्षेप र स्थानीय समाजसेवीहरुको सहभागिताको अभावले शिक्षाको गुणस्तरमा ह्रास आइरहेको छ । वर्तमान समयमा आइ सक्दा सामुदायिक र संस्थागत विद्यालय वीचको कक्षा शिक्षण र मूल्यांकन प्रणालीलाई हेर्ने हो भने संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको केही कमजोरी रहेको पाइन्छ । आफ्नो लगानीमा संचालित संस्थागत विद्यालयहरुले सरकारी नियन्त्रणबाट स्वतन्त्रता पाउदै गए पछि विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्दै आएको पाइन्छ भने सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि स्तर त्यती राम्रो देखिएको छैन ।

सुवेदी (२०६२) को उच्च र निम्न नतिजा रहेका सामुदायिक विद्यालयको अवस्था एक अध्ययन भन्ने उक्त शोध पत्रमा सम्भावना नमुना छनौट विधि र उद्देश्यात्मक नमुना

छनौट विधि प्रयोग गरि नमूना छनौट गरि छलफल विधि र प्रश्नोत्तर विधिको आधारमा सूचना संकलन गरिएको छ । न्युन नतिजा रहेको विद्यालयमा उपयुक्त शैक्षणिक वातावरण निर्माण हुन नसकेको, विद्यालयको कक्षा शिक्षण पूरा समय नहुनु, शैक्षिक सामग्रीको अभाव, र विद्यार्थीको शैक्षिक स्तर मा ठूलो अन्तर रहेको तर उच्च नतिजा रहेको विद्यालयमा नियमित मासिक वैठक वसी पठनपाठन भइरहेको , प्रगति तथा समस्याको बारेमा छलफल गरि समस्याको समाधान खोज्ने रहेको प्र.अ. शिक्षक र विद्यार्थीमा राम्रो सम्वन्ध रहेको, वेल वेलामा अभिभावकहरुलाई वोलाई वच्चाहरुको पढाईको वारेमा जानकारी दिने, निरन्तर मूल्यांकनको आधारमा नतिजाको विश्लेषण र त्यसको सिकाईमा प्रयोग गरेको उल्लेख गरेको छ ।

रा.शि.प. यो. २०२८ को परिभाषालाई यसरी उल्लेख गरेको छ । "शिक्षाको लक्ष्य हासिल गर्नलाई वनाइएको शैक्षिक कार्यकमलाई पाठ्यकमलाई पाठ्यकम भनिन्छ।" शिक्षाको लक्ष्य हासिल गर्न योजना बनाएर मात्र पुग्दैन त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु आवश्यक पर्दछ । रा.शि.प.यो. २०२८ को परिभाषाले पाठ्यक्रमलाई एक वृहत शैक्षिक कार्यक्रम को रुपमा व्याख्या गरेको छ । जस अन्तर्गत लगानी प्रकृया र उत्पादन पक्षहरु समावेश हुन्छन् । मैले गरेको अध्ययन पाठ्यकम कार्यान्वयनसंग सम्वन्धित रहेको ले यस परिभाषा सान्दर्भिक रहेको थियो ।

John Dewey (1938) को पाठ्यकम सवन्धि परिभाषाले विद्यालय भित्र र वाहिर हुने जुन सुकै कार्यहरु पाठ्यकम भित्रको अंश हो  भनेको छ । जुन योजना पद्ध गरिएको हुन्छ । उनका अनुसार विद्यार्थीले हासिल गर्ने सवै ज्ञानहरु विषय वस्तुमा आधारित विद्यालय वातावरणमा मात्र नभई विद्यालय बाहिर पनि हुने गर्दछ  भन्ने भावना प्रष्ट हुन्छ । John Dewey ले विद्यालय भित्र र बाहिरको कियाकलापलाई पाठ्यकमको रुपमा मानेको छ । मैले गरेको अध्ययन पनि यस परिभाष अन्तर्गत पाठ्यकम कार्यान्वयनसंग सम्वन्धित रहेकोछ । यो परिभाषा पाठ्यकम कार्यान्वयनको शीर्षक संग र शैक्षिक विकेन्द्रिकरण संग अन्तनिर्हित रहेको छ । (Print -1993) ले शिक्षण संस्थाद्धारा विद्यर्थीलाई प्रदान गरिने योजनावद्ध सिकाई अवसर र अनुभव नै पाठ्यक्रम हो । जसलाई विद्यार्थीले पाठ्यक्रम कार्यान्वयन उनले आफ्नो पुस्तक Curriculum Development and Design (1993) मा विद्यालय भित्र प्राप्त गरिने पाठ्यकम दुई किसिमका हुन्छ भनि प्रष्ट पारेका छन् ।




सम्पूर्ण पाठ्यक्रम
Source: Print (1993 p-10)

विद्यालयमा विद्यार्थीले हासिल गर्ने सिकाई योजना गरिएको पाठ्यक्रमको साथै लुप्त पाठ्यक्रम पनि हुने गर्दछ । विद्यालयमा पाठ्यक्रमको कार्यान्वयन गर्दा सिकारुलाई योजना नगरिएका सिकाईसंग सम्बन्धित रहेको छ । यस अध्ययन योजनावद्ध पाठ्यक्रम लाई नसमेट्ने भएकोले यस पाठ्यक्रमको परिभाषा यस अध्ययन संग आंशिक रुपमा सान्दर्भिक रहेको रहनेछ ।


आजको विज्ञान र प्रविधिको २१ औं शताब्दीको परिवर्तनशील समयमा पाठ्यक्रम दिन प्रति दिन परिवर्तन हुँदै जानु, समय अनुरुपका बिभिन्न शैक्षिक नीतिहरु वनाए ता पनि सही तरिकाले अनुगमन निरीक्षण र मूल्यांकन हुन नसक्दा पाठ्यक्रमको उद्देश्य अनुसार सफल रुपमा कार्यान्वयन हुन सकिराखेको छैन । यसरी पाठ्यक्रम सफल रुपमा कार्यान्वयन हुन नसक्नुका पछाडि बिभिन्न कारणहरु छन् । जस्तै पाठ्यक्रम, पाठ्य सामग्री, पाठ्य पुस्तक विच समस्या योग्य र तालिम प्राप्त शिक्षकको अभाव, शैक्षिक सामग्री संवन्धि समस्या, शिक्षण घण्टि संवन्धि समस्या , मूल्यांकन संवन्धि समस्या, अनुगमन तथा निरीक्षण संवन्धि समस्या, केन्द्रिकृत र विकेन्द्रिकृत पाठ्यक्रम विच समस्या आदि ।

यस अध्ययन सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थासंग केन्द्रित रहेर अगाडि बढाइएको थियो । तसर्थ यस अध्ययन अनुसन्धानमा कक्षा ८ को विषयगत संरचना योजना गरे अनुसार सामुदायिक र संस्थागत विद्यालयहरुमा के कसरी लागु भएको छ ? त्यसको प्रभावकारी कार्यन्वयन हुन सकेको छ वा छैन ? पाठ्यक्रम संरचना संवन्धि सरोकार वालाहरुको आशा के छ ? प्रभावकारी कार्यान्वयन केन्द्रिकृतमा विकेन्द्रितकृत कुन रुपमा छ ? यी र यस्ता खालका अनुसन्धानात्मक प्रश्नहरु गरी कक्षा ८

को पाठ्यक्रमको संरचना योजना गरी सामुदायिक  र संस्थागत विद्यायमा के कसरी कार्यान्वयन भएको छ  त भन्ने वारेमा त्यसको तुलनात्मक अध्ययन गरिएको थियो ।

### २.६. अवधारणा  ढाँचाको निर्माण

यस किसिमको तुलनात्मक अध्ययनमा स्पष्ट निर्देशन, सरलता, प्रभावकारी, विश्वासनीयता र वैधता होस भन्नका लागि अवधारणात्मक संरचनाको आवश्यकता पर्ने अनुभुत गरी यस अध्ययनमा सान्दर्भिक हुने गरी एउटा अवधारणात्मक ढाँचा गरिएको छ ।




माथि चार्टमा उल्लेखीत विषय वस्तुहरुमा सिमित रहेर सूचनाहरु प्राप्त गर्नका लागि अनुसन्धानको साधनहरु प्रयोग गरी आवश्यक सूचनाहरु संकलन गरी प्राप्त सूचनाको आधारमा विषय वस्तुहरुको व्याख्या र विश्लेषण गरि यस अध्ययनलाई पूर्ण रुप दिइएको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

कुनैपनि विषय वस्तुको वारेमा गहिरिएर अध्ययन गर्नु वा खोजी कार्य गर्नुलाई अनुसन्धान भनिन्छ भने अनुसन्धान गर्न अवलम्वन गरिने तरिकालाई विधि भनिन्छ । जसले कुनै पनि अध्ययन र अनुसन्धान कार्यलाई लक्ष्यमा पुर्‍याउन मद्धत गर्दछ । अनुसन्धानलाई निर्धारित लक्ष्यमा पुर्‍याउन उपयुक्त विधिको छनौट गर्नु पर्ने जरुरी देखिन्छ । यस अनुसन्धान कार्यलाई अध्ययनको उद्देश्य र प्रकृतिको आधारमा निम्न अनुसारको विधि वा तरिकाहरुको प्रयोग गरी पुरा गरियो ।

## ३.१ अनुसन्धान ढाँचा

अध्ययनको स्वरुपलाई मध्येनजर गरेर त्यसलाई सफल बनाउन निश्चित योजनाको आवश्यकता पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गनै सहजता प्रदान गर्दछ । अनुसन्धानका लागि व्यवस्थित तार्किक र संगठित तरिकाले तयर पारेको कार्य निति लाई नै ढाँचा भनिन्छ । यस अनुसन्धानलाई पूर्णता प्रदान गर्न गुणात्मक अनुसन्धानको आवश्यक पर्ने हुनाले यो पनि गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । कुनै अवस्था घटना प्रकृया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले नाम रुपी तथा क्रमागत स्केलको प्रयोगबाट मापन गरि तार्किक निष्कर्षमा पुग्ने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । यस अनुसन्धानमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग हुने भएकोले अनुसन्धानकर्ता स्वयम अनुसन्धान क्षेत्रमा सहभागी भइ विद्यालय सर्वेक्षण फाराम, प्र.अ.संगको अन्तर्वाता फाराम, शिक्षक प्रश्नावली, कक्षा अवलोकन फाराम , लक्षित समूहसंग छलफलका लागि निर्देशिका र दस्तावेज अध्ययन जस्ता मूल्यांकनका साधानहरु प्रयोग गरी प्राकृतिक अवस्था का वास्तविकतालाई खोज गरी शाब्दिक रुपमा तथ्यांकहरुलाई खोज गरी शाब्दिक रुपमा तथ्यांकहरु संकलन गरी तार्किक विधि द्धारा व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुगेको छ ।

### ३.२. नमूना छनौट प्रकृया :

यस अध्ययनको लागि नमूना छनौट गर्दा गुणात्मक अनुसन्धान अन्तर्गत उद्देश्य मूलक नमूना छनौट विधि प्रयोग गरी प्र.अ. शिक्षकहरु, विद्यालय र विद्यार्थीहरुलाई छनौट गरिएको छ । जसको लागि गोर्खा जिल्लालाई अध्ययनको क्षेत्र मानि निम्न अनुसार नमूना छनौट गरियो ।

### ३.३. विद्यालय छनौट :

गोरखा जिल्लामा संचालित विद्यालयहरुको संख्या ५५४ वटा छन् जसमा ५०८ वटा सामुदायिक विद्यालयहरु रहेका छन् भने ४६ वटा संस्थागत विद्यालयहरु रहेका छन् । ५०८ वटा सामुदायिक विद्यालयहरु मध्ये १६० वटा सामुदायिक विद्यालयहरुमा ४६ वटा संस्थागत विद्यालयहरु मध्ये १२ वटा संस्थागत विद्यालयहरुमा गरी जम्मा १७२ वटा विद्यालयहरुमा कक्षा ८ को पठनपाठन हने गरेको शिक्षा विभागद्धारा प्रकाशित प्रतिवेदन २०११ मा उल्लेख गरेको छ । जस मध्ये उद्देश्यात्मक नमूना छनौटमा आधारित रहेर सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. ताक्लुङल र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि. स्कूल गोरखा लाई अध्ययनको लागि नमूना को रुपमा लिइयो ।

### ३.४. प्रधानाध्यापको छनौट :

यस अध्ययनका लागि छनौटमा परेको सामुदायिक विद्यालय श्री सिंजाली मा.वि का प्र.अ. श्री वल नारायण श्रेष्ठ र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि.का प्र.अ. सीताराम तिवारी गरी २ जना प्र.अ.लाई छनौट गरी अन्तर्वाता फारामको माध्यमबाट आवश्यक सूचनाहरु संकलन गरियो।

### ३.५. शिक्षकको छनौट :

नमूना छनौटमा परिको सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. का ४ जना शिक्षहरु र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि का ५ जना कक्षा ८ मा पढाउने शिक्षकहरु गरी जम्मा ९ जना विषय शिक्षकहरुलाई नमूनाको रुपमा छनौट गरी शिक्षक प्रश्नावलीको माध्यमबाट आवश्यक सूचनाहरु संकलन गरियो ।

**३.६. विद्यालयको छनौट :**

यस अध्ययनमा छनौट मा परेका सामूदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा ८ मा अध्ययन गर्ने कुल विद्यार्थीहरु मध्ये ६/६ जना विद्यार्थीलाई समूह छलफलका लागि छनौट गरियो ।

3.7= **अनुसन्धान साधनहरु निर्माण :**

यस अध्ययन अनुसन्धनलाई अर्थ पूर्ण र उद्देश्य मूलक बनाउन छनौटमा परेका विद्यालय, प्र.अ. शिक्षक र विद्यार्थीहरुबाट गुणात्मक सूचनाहरु संकलन गर्न मूल्यांकन साधानहरु निर्माण गरिएको थियो जुन अनुसूची-२,३,४, ५ र ६ को अनुसुची १ मा देखाइएको छ ।

**३.८. साधनहरुको वैधता :**

साधनहरुको वैधता भन्नाले अध्ययनका क्रममा तथ्यांक संकलन गर्न प्रयोग गरिएका साधनहरुले अध्ययनको उद्देश्यलाई कुन हद सम्म पुरा गर्न सक्छ वा अध्ययनले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्न सक्यो वा सकेन भन्ने कुरा को जानकारी हुनु पर्दछ । यस अध्ययनमा प्रयोग गरिएका साधनहरुलाई अन्तिम रुप दिनु भन्दा पहिला विशेषज्ञको राय सल्लाह लिई उक्त साधनको वैधता निर्धारण गरिएको थियो । यस अध्ययनको उद्देश्य हासिल समक्ष पेश गरेको छ । शोध निर्देशको राय सुझाव अनुसार परिस्कृत गरि उहाँको राय अनुसार परीक्षण गरि प्राप्त नतिजाको आधारमा अन्तिम रुप दिइयो ।

**३.९. सूचना संकलन प्रक्रिया :**

यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयहरुबाट प्राथमिक र द्वितीय श्रोतको आधारमा गुणात्मक सूचनाहरु संकलन गर्ने कार्य गरियो ।

**३.९.१ प्राथमिक स्रोत**

यस अध्ययन गुणात्मक भएकोले अध्ययनकर्ता स्वयम अध्ययन क्षेत्रमा गई आवश्यक सूचनाहरु संकलन गर्ने कार्य गरिएको छ । सूचना संकलन गर्ने क्रममा विद्यालय सर्वेक्षण फाराम, शिक्षक प्रश्नावली र विद्यार्थीको समूह बनाई समूह छलफल गरिएको थियो । विभिन्न पक्षबाट तुलनात्मक रुपमा विश्लेषण गरेर मात्र सूचनाहरु प्रतिवेदनमा समावेश गरियो ।

### ३.९.२ द्धितीय स्रोत

यस सोत अन्तर्गत यस अध्ययनलाई प्रभावकारी बनाउन विभिन्न प्रतिवेदन, लेखहरु विद्यालयका रकर्डहरु, शोध पत्रहरु आदिको अध्ययन गरी सूचनाहरु संकलन गरियो ।

### ३.१० सूचनाको विश्लेषण :

गुणात्मक विश्लेषणको एक मात्र उद्देश्य प्राप्तिको विकास गर्नु हो । वा संकलित सूचनाहहरुको सार गर्भित तत्व निकालेर त्यसलाई संरचना योग्य बनाउनु हो । यस अध्ययनबाट प्राप्त विभिन्न सूचनाहरु सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्थासंग संवन्धित रहेको छ । नमुना छनौटमा परेका कक्षा ८का विद्यार्थीहरु, अध्ययपन गराउने शिक्षकहरु र प्र.अ. आदिबाट बिभिन्न अध्ययनका साधनहरुको माध्यकबाट प्राप्त गुणात्मक सूचनाहरुलाई तुलनात्मक अध्ययन गरि वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण र व्याख्या गरि निष्कर्ष र सुझाव प्रस्तुत गरिएने छ । साथै सूचना प्राप्तिका प्राथमिक श्रोत । द्धितिय श्रोत र अनुसन्धानकर्ताको अनुभवबाट प्राप्त तथ्यांकहरु विच **triangulation** गरी निष्कर्षमा पुगियो ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्ण रुपमा अगाडि बढाउन विभिन्न स्रोतहरुबाट प्राप्त सूचना तथा तथ्यांकहरुलाई विस्तृत रुपमा व्याख्या गरिनु पर्ने आवश्यक पर्दछ । यस अध्ययनलाई सफलता पूर्वक संचालन गर्ने क्रममा अध्ययनको उद्देश्य अनुसार सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा ८ को पाठ्यक्रमको कार्यान्वयनको तुलनात्मक अवस्थाको अध्ययन गर्न विद्यालय सर्वेक्षण फाराम, प्र.अ.संगको अन्तवार्ता फाराम, लक्षित समूह छलफल तालिका, र दस्तावेज अध्ययन जस्ता साधनहरुको प्रयोग गरिएको थियो । यस्ता प्राथमिक र द्बितिय स्रोतहरुबाट प्राप्त तथ्यांकहरुलाई विस्तृत रुपमा अध्ययन गरी व्याख्या र विश्लेषणको गरिएको थियो । साथै सामुदायिक विद्यालयमा पाठ्यक्रमा उल्लेख भएका ९वटा अनिवार्य विषयको पढाईं हुने गरेको र संस्थागत विद्यालयमा ऐच्छिक २ वटा विषय थप गरि ११ वटा विषयको पढाई हुने गरेको जानकारी प्राप्त भयो । पाठ्यपुस्तकको गुणस्तर पनि सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा वढी रहेको देखिएकोछ । पढाई हुने दिनहरुमा हेर्दा पनि सामुदायिक र संस्थागत विद्यालयमा तुलनात्क रुपमा अध्ययन गर्दा संस्थागत विद्यालयमा नै वढी पढाइ हुने जानकारी प्राप्त भयोृ । त्यस्तैं भौतिक पूर्वधारलाई हेर्दा दुवै विद्यालयमा राम्रो भएको पाइयाृ र सामुदायिक विद्यालयमा पुस्तकालय भए पनि प्रर्याप्त पुस्तकहरु नभएको र वसेर पढ्ने कोठाहरु प्रर्याप्त नभएको पाइयो । सामुदायिक विद्यालयका वालवालिकाहरु भन्दा संस्थागत विद्यालयहरुको बालवालिकाहरु पढाइमा वढी अनुसाशित र जागरुक रहेको देखियो । पढाउने सवालमा सामुदायिक विद्यालयक विद्यालयको तुलनामा संस्थागत विद्यालयका सरहरु वढी लगनशिल र क्रियाशिल वनेको देखियो । अतिरिक्त क्रियाकलाप संचालनका क्रममा सामुदायिक विद्यालयमा अनियमित हुने गरेको पाइयो भने संस्थागत विद्यालयमा भने नियमित हुने गरेको प्राप्त सूचनाको आधारमा जानकारी भयो ।

शिक्षणको सवालमा भने दुवै विद्यालयका सरहरुले पाठ्यवस्तुको उद्देश्य अनुसार शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग गरेको जानकारी भयो । शैक्षिक गुणस्तर सुधार गर्न परिक्षा प्रणालीको महत्वपूर्ण भूमिका देखिन्छ । परिक्षा प्रणाली पनि सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा वढी पटक परीक्षा हुने गरेको विद्यार्थीहरुलाई लगनशिल वनाएर शैक्षिक गुस्तर सुधार गर्न  संस्थागत विद्यालयले नतिजाको विश्लेषण गर्ने र त्यसै नतिजाको आधारमा आगामी

शैणक्षिक रणनिति निर्माण गर्ने र कार्यान्वयन गर्ने गरेको पाइयो । यसै तथ्याङ्कको विश्लेषणको आधारमा यस परिधारमा यस परिच्छेदमा अध्ययनको उद्देश्य अनुसार व्याख्या र विश्लेषण गरियो र नमूनामा परेको सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि. बीचको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अवस्थालाई यस परिच्छेदको अध्ययनको उद्देश्य बमोजिम विश्लेषण गरियो ।

### ४.१. विषयगत संरचना र पाठ्यपुस्तकको तुलनात्मक अवस्था

नमुना छनौटमा परेका सामुदायिक र संस्थागत कार्यान्वयनमा आएको विषयगत संरचनाको तुलनात्मक अवस्थाको अध्ययन गर्दा विद्यालय सर्वेक्षण फाराम प्र.अ.संगको अन्तवार्ता फाराम, शिक्षक प्रश्नावली , तथा दस्तावेज अध्ययन जस्ता साधनहरुको प्रयोग गरिएको थियो । जसमा दुवै विद्यालयहरुमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सिफारिस गरेको र २०५८ मा परिमार्जन भएको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । सामुदायिक विद्यालयले पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकासिल पाठ्यक्रम पुस्तकलाई प्रयोग गरेको छ भने संस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रद्धारा प्रकाशित पाठ्य पुस्तकलाई प्रयोग गरेको छ भने संस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रको स्वीकृति लिई अन्य प्रकाशनका पाठ्यपुस्तकलाई प्रयोगमा ल्याई पाठ्यक्रम कार्यान्वयन गरेको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ अनुसार कक्षा ८ मा ९ वटा विषयहरु पठन पाठन भएको छ । ती विषयहरुमा नेपाली, अंग्रजी, गणित, विज्ञान, सामाजिक अध्ययन, जनसंख्या, पेशा व्यावसाय र प्रविधि शिक्षा, स्वास्थ्य शारिरीक शिक्षा र नागरिक तथा नैतिक शिक्षाको व्यवस्था गरेको छ । जसको पाठ्यभार ३९ र पूर्णाङ्क ७०० रहेको छ ।

विद्यालय सर्वेक्षण फारामबाट प्राप्त सूचना, पाठ्यपुस्तकबाट, पाठ्यक्रमबाट उपलब्ध सूचनाहरुको आधारमा संस्थागत र सामुदायिक विद्यालयमा कार्यन्वयनमा रहेको कक्षा ८ को विषयगत संरचना र पाठ्यपुस्तकको तुलनात्मक अवस्था के कस्तो रहेको छ भन्ने कुराको त्यसको तथ्यगत जानकारीलाई तथ्यगत जानकारीलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**सामुदायिक विद्यालय**

**श्री सिंजाली मा.वि.को कक्षा ८ को विषयगत विवरण तालिका**

| क्र.स. | विषयहरु | पूर्णाङ्क | उत्तीर्णाङ्क | पाठ्यभार | प्रकाशक पा.वि.के | माध्यम |
|---|---|---|---|---|---|---|
| १ | नेपाली | १०० | ४० | ५ | ,, | नेपाली |
| २ | अंग्रजी | १०० | ४० | ६ | ,, | अंग्रजी |
| ३ | गणित | १०० | ४० | ६ | ,, | नेपाली |
| ४ | विज्ञान | १०० | ४० | ५ | ,, | नेपाली |
| ५ | सामाजिक | १०० | ४० | ५ | ,, | ,, |
| ६ | पेशा व्या | १०० | ४० | ४ | ,, | ,, |
| ७ | जनसंख्या तथा वातावरण | १०० | ५० | ३ | ,, | ,, |
| ८ | स्वा.शा. | ५० | २० | ३ | ,, | |
| ९ | नागरिक तथा नैतिक | ५० | २० | ३ | ,, | ,, |

स्रोत : श्री सिजाली मा.विको कक्षा ८मा पढाइने विषयको दैनिक कार्य तालिका

संस्थागत विद्यालय गोरखा बोर्डिङ मा.वि को विषयगत संरचना विवरण तालिका

| क्र.स. | विषयहरु | पूर्णाङ्क | उत्तीर्णाङ्क | पाठ्यभार | पुस्तकको नाम | प्रकाशक | भाषा |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | १०० | ४० | ५ | नेपाली किताव निमावि व्याकरण | पाठ्यक्रम वि.के | नेपाली |
| २ | अंग्रजी | १०० | ४० | ६ | Our English book Grammer and composision | ,, | अंग्रेजी |
| ३ | गणित | १०० | ४० | ६ | Unique Maths | Satyam pub | अंग्रजी |
| ४ | विज्ञान | १०० | ४० | ५ | Mordern grade science | Vidyarthi pub | |
| ५ | सामाजिक | १०० | ४० | ५ | Social Studies | Koseli pub | ,, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | पेशा व्या | १०० | ४० | ४ | Professional business and technology | पाठ्यक्रम वि.के | ,, |
| ७ | जनसंख्या तथा वातावरण | १०० | ५० | ३ | Population and environmental Edcation | Auata Pub | ,, |
| ८ | स्वा.शा. | ५० | २० | ३ | Health and physical Education | Asia pub | ,, |
| ९ | नागरिक तथा नैतिक | ५० | २० | ३ | Moral and cinoc Education | Janak pub | ,, |
| १० | ऐच्छिक कम्प्यूटर | ५० | २० | ३ | Computer science | Vnique pub | ,, |
| ११ | ऐच्छिक गणित | १०० | ५० | ४ | Opt Maths | Read more | ,, |

स्रोत : श्री गोरखा बोर्डिङ मा.विको कक्षा ८मा पढाइने विषयको दैनिक कार्य तालिका

यस तालिकामा उल्लेखित पाठ्यपुस्तक कार्यान्वयनको सूचनाहरुलाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यलायहरुको पाठ्यपुस्तक कार्यान्वयनमा निम्न अनुसार फरक देखिन्छ

(क) सामुदायिक विद्यालयमा पढाई हुने भन्दा फरक विषय हरु २ वटा रहेको पाइयो । जस्तै ऐच्छिक गणित र कम्प्युटर राष्ट्रिय पाठ्यक्रमले ऐच्छिक विषयको व्यवस्था नगरेता पनि संस्थागत विद्यालयले ऐच्छिक विषयको रुपमा गणित र कम्प्यूटर विषयको पढाउने व्यवस्था गरेको पाइयो । जुन विषयहरुको परीक्षा विद्यालय आफैले गर्ने गरेको छ ।

(ख) सामुदायिक विद्यालयले पाठ्यक्रमले तोकेको भन्दा बाहिरको विषय पढ्ने अवसर प्रदान गरेको छैन भने संस्थागत विद्यालयले २ वटा विषयहरुलाई अनिवार्य विषय सरह पढ्नु पर्ने व्यवस्था गरेको छ ।यी दुवै विद्यालयहरुमा अनिवार्य विषयहरुको पूर्णाङ्क, उतीर्णाङ र पाठ्यभार समान रहेको पाइयो भने संस्थागत विद्यालयमा पुस्तकको संख्यामा फरक रहेको पाइयो ।

(ग) सामुदायिक विद्यालयले सबै पाठ्यपुस्तकहरु पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित गरिएका पाठ्यपुस्तकहरु पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत लिएर अन्य प्रकाशनबाट प्रकाशित पाठ्यपुस्तकहरु प्रयोगमा ल्याइएको पाइयो ।

(घ) सामुदायिक विद्यालयको तुलनमा संस्थागत विद्यालयको ऐच्छिक विषयको प्रकृति वढी व्यवहारिक रहेको पाठ्यपुस्तकको शिक्षण माध्यम नेपाली विषय बाहेक अन्य विषयहरु अंग्रेजीमा रहेको पाइयो ।

(ङ) शिक्षकहरुलाई सोधिएको प्रश्नावलीबाट प्राप्त सूचनाबाट सामुदायिक विद्यालयका शिक्षकहरुले पाठ्यक्रममा किशोर किशोरी शिक्षाको कमी रहेको तर अन्य विषय वस्तुहरुको ज्ञान भने पर्याप्त रहेको उल्लेख गर्नु भएको छ भने संस्थागत विद्यालयका शिक्षकहरुले प्रयोगात्मक कार्यमा जोड दिनु पर्ने कुरा प्रष्ट पार्नु भएको छ ।

(च) सामुदायिक विद्यालयमा पुस्ताकालयमा पाठ्यपुस्तकहरु अपर्याप्त रहेको तर संस्थागत विद्यालयमा भने पर्याप्त रहेको पाइयो । ऐच्छिक विषय छनौट गर्दा सामुदायिक विद्यालयहरुले विद्यालयको भौतिक र आर्थिक अवस्थालाई मध्यनजर गरेर वि.व्या.स. का सदस्यहरु प्र.अ. र शिक्षकहरुको सहमतिमा छनौट गर्दछ भने संस्थागत विद्यालयमा प्र.अ. शिक्षकहरु र शेयर होल्डरहरु मिलि छनौट गर्दछ भन्ने कुरा जानकारी प्राप्त भयो ।

(छ) सामुदायिक विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रले तोकेको पाठ्यपुस्तक लागू गर्ने भएकोले पाठ्यपुस्तक छनौटमा कुनै समस्या नपर्ने कुरा प्र.अ. बाट प्रष्ट भयो भने संस्थागत विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रको स्वीकृति, लिएर अन्य प्रकाशनको पुस्तकहरु पनि प्रयोग गर्ने भएकोले पाठ्यक्रमकले तोकेको विषयवस्तुहरु समेटेको छ कि छैन सरलता वा जटिलता के छ केलाउन समस्या पर्ने कुरा संस्थागत विद्यालयका प्र.अ. वताउनु हुन्छ ।

अतः दुवै प्रकारका विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्रदान गरिएका पुस्तकहरु प्रयोग गरेका भए पनि संस्थागत विद्यालयले उच्च गुणस्तरको पाठ्यपुस्तकहरु प्रयोग गरेको पाइयो ।

**४.२. समय तालिकाको तुलनात्मक अवस्था :**

पाठ्यक्रम कार्यान्वयनको लागि आवश्यक समय तालिका बारे सूचनाहरु संकलन गर्ने क्रममा प्र.अ.संगको अन्तरवार्ता फाराम, शिक्षक प्रश्नावली लक्षित समूह छलफल र दस्तावेज को प्रयोग गएिको थियो । यस्ता अनुसन्धानका साधनहरुबाट दुवै विद्यालयको सयम तालिका सम्वन्धित

प्राप्त तथ्यगत जानकारी लाई तालिकाबाट प्रष्ट पारिएको छ। नमूना छनौटमा परेको सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. र संस्थागत विद्यालय गोरखा वोडिङ मा.वि.हरुको कक्ष ८ को समय तालिका निम्न अनुसार छ।

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| पिरियड | समय | विषय | समय | विषय |
| I | 10:20-11:00 | नेपाली | 10:00-10:40 | Math |
| II | 11:00-11:40 | अंग्रजी | 10:40-11:20 | English |
| III | 11:40-12:20 | विज्ञान | 11:20-12:00 | Computer +moral Education |
| IV | 12:20-1:00 | सामाजिक | 12:00-12:40 | Science |
| खाली | 1:00-1.30 | टिफिन | 12:40-1:00 | Tiffin |
| V | 1:30-2:10 | गणित | 1:00-1:40 | Social studies |
| VI | 2:10-2:50 | जन तथा वातावरण | 1:40-2:20 | Nepali |
| VII | 2:50-3:30 | स्वा.शा. | 2:20-3.00 | Opt Math+pop |
| VIII | 3:30-4:00 | ना +नै +पेशा | 3:00-3:40 | HPE+professional Edcuation |
| | | | 3:40-4:00 | Opt + math |

स्रोत : श्री सिजाली मा.वि र श्री गोरखा वोर्डिङ मा.विको कक्षा ८मा पढाइने विषयको दैनिक कार्य तालिका

सामुदायिक विद्यालयको विद्यालय संचालन शुरु समय विहान १० : बजे र संस्थागत विद्यालय ९:३० मा नै शुरु भएको देखिन्छ। सामुदायिक विद्यालयको प्रत्येक घण्टी ४० मिनेटको रहेको र आठौ घण्टी ४ वजे सकिने देखिन्छ।

त्यस्तै संस्थागत विद्यालयमा चाही ९.३० बजे नै विद्यालय शुरु हुने र २५ मिनेटको प्रार्थना पश्चात कक्षा शिक्षण कार्य अगाडि बढ्दछ। ४ औँ पेरियड पछि २० मिनेट को टिफिन हुने र आठौ पिरियड ४ बजे समाप्त हुने कुरा देखिन्छ।

### ४.३. शैक्षिक क्यालेण्डरको तुलनात्मक अवस्था :

विद्यालयकमा पाठ्यकम कार्यान्वयनका लागि आवश्यक पर्ने शैक्षिक क्यालेण्डर कस्तो छ। योजना के के छन् समस्याहरु के कस्ता छन् भनि प्र.अ. संग अन्तरवार्तामा सोधिएको थियो। जसमा दुवै प्र.अ.हरुबाट समान किसिमको धारणा व्यक्त गरेको पाइएको थियो। विद्यालयको शैक्षिक क्यालेण्डर शिक्षक स्टाफ र प्र.अ.को संयुक्त छलफलबाट निर्माण गरिने कुरा जानकारी

प्राप्त भयो । जस अन्तर्गत वर्ष भरि विद्यालय खुल्ने दिन जम्मा पढाई हुन दिन, विदा, परीक्षा समय निश्चित गरिने जानकारी प्राप्त भयो । दुवै प्र.अ.बाट प्राप्त जानकारी निम्न अनुसार भएको पाइयो ।

विद्यालयको शैक्षिक कार्यतालिका

| विद्यालय | स्कूल खुल्ने | पढाई हुने दिन | परीक्षा हुने दिन | विदा |
|---|---|---|---|---|
| सामुदायिक | २३७ | १९५ | ३१ | १२८ |
| संस्थागत | २८३ | २२० | ५३ | ८२ |

श्रोत विद्यालय सर्वेक्षण २०६९

उपरोक्त तालिकाबाट के प्रष्ट हुन्छ भने सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय ४६ दिन बढी खुल्ने देखिन्छ । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा २५ दिन बढी पढाई हुने देखिन्छ । त्यस्तै विदालाई हेर्ने हो भने सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा ४६ दिन कम विदा हुने देखिन्छ ।

सामुदायिक विद्यालयमा शिक्षा ऐनले तोकेको भन्दा पनि कम पढाई हुनु दुखद भएको देखिन्छ । त्यसैले सामुदायिक विद्यालयमा पढाइ हुने दिन वढाउनुपर्ने स्पष्ट देखिन्छ ।

## ४.४ भौतिक पूर्वाधार व्यवस्थापनको तुलनात्मक अवस्था

नमुना छनौटमा परेको दुवै विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था अवलोकन गर्दा समग्रमा दुवै विद्यालयमा राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयको भवन, कक्षाकोठाको व्यवस्थापन उपयुक्त भएको, फर्निचरहरु व्यवस्था प्रर्याप्त भएको, खानेपानी, शौचालय, खेल मैदान, उपयुक्त रहेको पाइयो । त्यस्तै पुस्तकालय भएको, तर पुस्तक भने प्रर्याप्त नभएको पाइएको छ । विद्यालयमा कम्पाउन्डनको व्यवस्था पनि भएको देखियो । त्यस्तै विज्ञान प्रयोगशालाको व्यवस्था रहेको पाइएको छ । त्यस्तै संस्थागत विद्यालयमा पनि भौतिक पूर्वाधारको व्यवस्था अझ वढी व्यवस्थित रहेको पाइएको छ । कक्षा कोठाको व्यवस्थापन उपयुक्त भएको खानेपानी, शौचालय, खेलमैदान, फर्निचर सुविधा भएको र विद्यालयको वातावरण बालमैत्रि रहेको पाइएको छ ।

तुलनात्मक रुपमा हेर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयमा सवै प्रकारको सुविधाहरु वढी रहेको पाइएको छ । यसमा पुस्तकालय, विज्ञान प्रयोगशाला , कम्प्युटर ल्याव रहेको र प्रर्याप्त मात्रामा पुस्तक तथा कम्प्युटरहरु भएको पाइएको छ । विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्न

व्यवस्थापन समिति, समाजसेवी, राजनितिक कमी अन्तरराष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरु तथा स्थानीय अभिभावकहरुसंग सहयोग लिने गरेको सामुदायिक विद्यालय प्र.अ. श्री वल नारायण श्रेष्ठले वताउनु भएको छ । त्यसैगरी संस्थागत विद्यालयको भौतिक पूर्वाधारको व्यवस्था लगानीकर्ताहरुबाट नै हुने गरेको संस्थागत विद्यालयका प्र.अ. श्री सिताराम तिवारी ले वताउनु भएको छ। जसमा आर्थिक व्यवस्थापन विद्यार्थीहरुबाट उठ्ने फि र बोर्डिङ लोन नै रहेको छ।

**४.५ विद्यार्थी व्यवस्थापनको तुलनात्मक अवस्था :**

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी रुपमा संचालन गरी आशातित रुपमा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थी व्यवस्थापनको प्रभावकारी रुपमा हुनुपर्ने देखिन्छ । विद्याथीलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न सके मात्र सिकारुहरुले ज्ञान, सिप र धारणाको विकास गरी व्यवहारमा प्रयोग गर्न सक्छ । यस अध्ययनको क्रमा दुवै विद्यालयमा कक्षा ८ मा सेक्सन नभएको पाइएको छ । सामुदायिक विद्यालय श्री सिंजाली मा.वि.को कक्षा ८ पठनपाठन शुरुभएको पहिलो दिन २०७६।१।१३ गते ७० जना विद्यार्थी भर्ना भएको पाइएको छ ।त्यस्तै संस्थागत विद्यालय गोरखा बोर्डिङ मा.वि.मा पनि कक्षा ८ मा पठन पाठन शुरु भएको पहिलो दिन २०७६।१।०८गते ५० जना विद्यार्थी रहेको विद्यालयको भर्ना अभिलेखबाट जानकारी प्राप्त भएको छ।

शिक्षण सिकाइ क्रियाकलापमा सिकारुहरुको सहभागिता के कस्तो रहन्छ भन्ने प्रश्नको उत्तरमा संस्थागत विद्यालयको शिक्षकहरुले निकै सक्रिय सहभागिता रहने वताउनु हुन्छ । त्यस्तै सामुदायिक विद्यालयका शिक्षकहरुले सक्रिय सहभागिता नजनाउने कुरा बताउनुहुन्छ। कक्षा कोठाको अवलोकन गर्ने क्रममा कक्षा कोठाको विद्यार्थीहरुको बसाईको अवस्था तथा रुची र सक्रियता हेर्दा संस्थागत विद्यालयमा विद्यार्थीहरु वढी जिज्ञासु, लगनशील, रुचीकर र अनुशासित स्वरुपको रहेको उचाइ अनुसार वस्ने व्यवस्था गरेको पाइयो । कम्प्युटर ल्याव कम्प्यूटर गोलाकार रुपमा राखेर कम्प्यूटर सिक्ने व्यवस्था गरेको पाइएको छ।

त्यस्तै सामुदायिक विद्यालयमा पनि उचाइको आधारमा वसाइ व्यवस्था गरेको पाइएको छ । तुलनात्मक रुपमा अध्ययन गर्दा संस्थागत विद्यालयको तुलनाम सामुदायिक विद्यालयको विद्याार्थी कम अनुशासिन र सिकाइ कार्यमा कम रुचिकर, वाह्य क्रियाकलापमा सहभागि वन्न खोज्ने, प्रर्याप्त कम्प्युटर नभएको गोलो वसाईको व्यवस्था नभएको, कार्पेको व्यवस्था नभएको

पाइएको छ । कक्षा कोठामा विद्यार्थीको व्यवस्थापन बारे लक्षित समूहसंग छलफल गर्ने क्रममा विद्यार्थीसंग छलफल गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुले आफूहरु शिक्षकहरुको निगरानीमा बस्नु पर्ने तर डराउनुपर्ने अवस्था भने नरहेको वताइएको पाइयो भने सामुदायिक विद्यालयका विद्यार्थीहरु जान्ने विद्यार्थीलाई मात्र ध्यान दिने, कक्षा हुँदा कक्षामा पढाउन नआई अफिसमा नै वसी राख्ने कुरा बताएका छन् । साथै कक्षामा फर्निचरको व्यवस्था पनि प्रर्याप्त गराउनु पर्ने कुरा बताएका छन् ।

यी दुवै विद्यालयको विद्यार्थी व्यवस्थापनको तुलना गर्दा सामुदायिक विद्यालयले विद्यार्थी उपस्थित वढाउनुपर्ने , अनुशासनमा कडाइ गर्नुपर्ने र विद्यार्थीलाई सिकाइ कार्य वढी सक्रिय गराउनु पर्ने देखिन्छ ।

### ४.६ अतिरिक्त क्रियाकलापको तुलनात्मक अवस्था :

अतिरिक्त क्रियाकलाप भन्नाले पाठ्यक्रम भन्दा बाहिरको क्रियाकलाप भन्ने बुझिन्छ । जसले सिकारुको अन्तरनिहित प्रतिभालाई वाहिर ल्याउन कलात्मक रुपले मद्धत गर्दछ । यस अध्ययनमा विद्यालयहरुमा के कस्ता प्रकारका कार्यक्रमहरु हुने गर्दछन्, कस्तो तरिका अपनाइन्छ , समस्याहरु के के छन् ? समाधानको उपायहरु केके हुन सक्छन् भन्ने वारे थाहा पाउन विद्यालय सर्वेक्षण फाराम, शिक्षक प्रश्नावली प्र.अ.संगको अन्तरवार्ता फाराम, लक्षित समूह छलफल जस्ता साधनहरुको प्रयोग गरिएको थियो । सामुदायिक विद्यालयमा हरेक शुक्रवार १ वजे पछाडी अतिरिक्त कार्यक्रमहरु हुने गर्दछ भने संस्थागत विद्यालयमा पनि त्यस्तै क्रियाकलापहरु हुने गर्दछन् । सामुदायिक र संस्थागत विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापहरुको खाका निम्न अनुसार छन् ।

सामुदायिक विद्यालय श्री सिजाली मा.वि. र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि. मा हुने अतिरिक्त क्रियाकलापको विवरण :

| क्र.स. | सामुदायिक विद्यालय | क्र.स. | संस्थागत विद्यालय |
|---|---|---|---|
| १. | कविता , गीत, मुक्तक प्रतियोगिता | १. | कविता गीत प्रतियोगिता |
| २. | हाजिरी जवाफ प्रतियोगिता | २. | हाजिरी जवाफ प्रतियोगिता |
| ३. | चित्रकला प्रतियोगिता | ३. | चित्रकला प्रतियोगिता |
| ४. | भलिवल प्रतियोगिता (सदनगत) | ४. | अन्तरविद्यालय भविवल प्रतियोगिता |
| ५. | प्रार्थाना , पिटी | ५. | प्रार्थाना , पिटी |
| ६. | वक्तृत्वकला प्रतियोगिता | ६. | नृत्य तथा गायन प्रतियोगिता |
| ७. | बादविवाद प्रतियोगिता | ७. | हिज्जे प्रतियोगिता |
| ८. | अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता | ८. | रिले खेल प्रतियोगिता |

माथि उल्लेख दुवै विद्यालयमा हुने अतिरिक्त कियाकलापमा सहभागि भई उत्कृष्ट हुने प्रतियोगीहरुलाई पुरस्कृत गर्ने व्यवस्था रहेको पाइएको छ । लक्षित समूहसंगको छलफलमा सामुदायिक विद्यायमा क्यालेण्डरमा उल्लेख भए अनुसार र वार्षिक उत्सवको समयमा मात्र कार्यक्रमहरु हुने गरेको पाइयो भने संस्थागत विद्यायमा हरेक शुक्रवार टिफिन पछिको समयमा निरन्तर रुपमा कार्यकमहरु हुने गरेको वताइएको छ ।

अतिरिक्त कियाकलाप संचालन का समस्याहरु स समाधानको उपायहरुको सन्दर्भमा प्र.अ. अन्तरवार्ता र शिक्षक प्रश्नावलीको माध्यमबाट सूचनाहरु संकलन गरिएको थियो , जसमा सामुदायिक विद्यायका प्र.अ. तथा शिक्षकहरु ले अतिरिक्त कियाकलापहरु मंहगो, बढी खर्चालु आर्थिक अवस्था कमजोर हुनु, विद्यार्थीहरुको उत्साह जनक सहभागिता नहुनु नियमित रुपले कियाकलाप संचालन गर्नु कठिनाई बन्नु, समयमो अपुग हुनु र सवै विद्यार्थीहरुलाई सहभागी गराउनु नसक्नु र साग्रीको अभाव भएको वताउनु भएको छ । भने यसलाई प्रभावकारी रुपमा अगाडि बढाउन अभिभावकहरुको सहयोगको आवश्यकता रहेको वताएका छन् । जसले उत्प्रेरणात्मक कार्यकमहरु संचालन गर्न अपरिहार्य बन्ने बताएका छन् ।

संस्थागत विद्यालयका प्र.अ. तथा शिक्षकहरु स्कूलमा खानेपानीको केही समस्या रहेको वताउछन् भने अतिरिक्त कार्यकममा विद्यार्थीहरुको अत्यन्तै सकियताका साथ सहभागिता हुने र

उत्कष्ट विद्यार्थीहरुलाई आकर्षक पुरस्कारहरुको व्यवस्था गरिने कुरा वताएको छन् । अन्तमा यस अनुसन्धानबाट दुवै विद्यालयमा संचालन गरिएको अतिरिक्त कार्यक्रम सन्तोष जनक नै रहेको पाइएको छ ।

**४.७. कक्षाकोठा शिक्षणको तुलनात्मक अवस्था :**

सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८को कक्षा कोठाको क्रियाकलापको तुलनात्मक अध्ययन गर्दा प्र.अ. संगको अन्तरवार्ता शिक्षक प्रश्नावली कक्षा अवलोकन फाराम र लक्षित समूह छलफल जस्ता साधनहरुको प्रयोग गरिएको थियो । सामुदायिक विद्यालय श्री संजाली मा.वि. मा ९ वटा विषयहरु र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि.मा ११ वटा विषयहरु कक्षा ८ मा पढाई हुने कुरा जानकारी भयो । सामुदायिक विद्यालयमा ९ वटा विषय पढाउन ६ जना र संस्थागत विद्यालयमा ११ वटा विषय पढाउन ९ जना शिक्षक परिचालित भएको कुरा दैनिक कार्य तालिकाबाट जानकारी प्राप्त भएको छ । यी दुवै विद्यालयमा पढाई हुने विषयहरुको एक एक पटक मात्र कक्षा अवलोकन गरिएको थियो । यी दुवै विद्यालयमा पढाई हुने समान विषय र संस्थागत विद्यालयमा मात्र पढाई हुने विषयहरु समावेश गरि तुलनात्मक रुपले प्रस्तुत गरेको छु जसमा, अनुसन्धानमा प्रयोग गरिएका साधनहरुबाट प्राप्त तथ्यगत जानकारीलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**४.७.१. अंग्रेजी विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था :**

अंग्रेजी विषयको शिक्षणमा सामुदायिक विद्यालयमा पा.वि.के द्धारा प्रकाशित Our English book मात्र पढाई हुने गरेको र संस्थागत विद्यालयमा पा.वि.के बाट प्रकाशित इगच English book / English Grammer and composition किताबको पढाई हुने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा अंग्रेजी विषयको कक्षा अवलोकन दोस्रो पिरियडमा गरिएको थियो । यस सामुदायिक विद्यालयको शिक्षक कक्षा शुरुको घण्टी भन्दा १० मिनेट ढिलो गएको थियो । उहाँले Uing Present Perfcet and Simple past form of verb शीर्षकमा शिक्षण गर्नु भएको थियो । उहाँले कक्षा कोठा प्रवेश पश्चात पुस्तक निकालेर शिक्षण गर्न लाग्दा विद्यार्थीले home work चेक गर्न भने ति केही विद्यार्थीको मात्र Home work Check गर्नु भयो । उहाँले White board लाई तिन भागमा विभाजन गरी उपयुक्त

तरिकाले प्रयोग गर्नु भएको थियो । उहाँले एक छेउमा be, have and read शब्दहरु लेखी अर्को भागमा Simple past and past perfect tense को वारेमा विद्यार्थीलाई भन्न लगाई लेख्नु भएको थियो । उहाँले प्रश्न सोधर विद्यार्थी तोक्नु पर्नेमा विद्यार्थी तोकेर प्रश्न गर्नु भएको थियो । सही उत्तर दिनेलाई तुरुन्तै वस्न भन्नु हुन्थ्यो भने गलत उत्तर दिनेलाई केही समय उभ्याउनु हुन्थ्यो । कक्षा वातावरण भने शान्त नै देखिन्थ्यो ।

संस्थागत विद्यालयको कक्षा अवलोकन कार्य तेस्रो पिरियडमा गरिएको थियो । उनले English Grammer and compositon पुस्तकबाट शिक्षण गर्नु भएको थियो । घण्टी लागेको २ मिनेट पश्चात नै कक्षामा प्रवेश गर्नु भएको थियो । The Sentence" अन्तर्गत 'Change of one from of sentence int o another " मा शिक्षण गर्नु भएको थियो । उहाँले Affirmative sentence लाई Negative sentence मा र Negative sentene लाई Afirmative Sentence मा change गर्न शिक्षण गर्नु भएको थियो । उहाँले Affirmative sentence लाई Negative sentence मा र Negative sentence लाई Affirmative sentence मा change गर्न शिक्षण गर्नु भएको थियो । जसमा उहाँले प्रयोग गर्नु भएको White Board प्रति सिकारुको केन्द्रित भएको थियो । उहाँले प्रष्ट वोलीको कारण कक्षा कोठा शान्त बनेको थियो । पाठको प्रस्तुतीमा सरलता र स्पष्टता, पूर्व पाठको पूनरावलोकन, प्रश्न गरेर मूल्यांकन गर्ने तरिका राम्रो गर्ने लाई प्रोत्साहन र Feedback को व्यवस्था र गृहकार्य दिने सवल पक्ष रहेको थियो । दुवै विद्यालयमा प्रश्नउत्तर विधिको प्रयोग भएको थियो ।

**४.७.२. नेपाली विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था :**

नेपाली विषयको कक्षा कोठा कियाकलापको अवलोकन सामुदायिक विद्यालयमा पहिलो घण्टीमा र संस्थागत विद्यालयमा छैटो घण्टीमा गरिएको थियो । सामुदायिक विद्यालयमा नेपाली विषयको शिक्षक घण्टी शुरु भएको ५ मिनेट पछि कक्षामा प्रवेश गरेको थियो । हाजिर गरेर पूर्व पाठको पूनरावलोकन पश्चात अभ्यास अन्तर्गत, ठिक भनाइ सार्ने, शब्दको अर्थ लेख्ने, वाक्यमा प्रयोग गर्ने, छोटो उत्तर दिने जस्ता अभ्यास गराउनु भएको थियो । कक्षामा प्रश्नोत्तरमा

राम्रो गर्नेलाई प्रोत्साहन  र नराम्रो गर्नेलाई पृष्ठपोषण गर्नु भएको थियो । समग्रमा शिक्षण कार्य सवल नै पाइएको थियो ।

संस्थागत विद्यालयमा नेपाली विषयको कक्षा शिक्षणको अवलोकन छैटो पिरियडमा भएको थियो । यस विद्यालयको कक्षा ८ मा नेपाली विषयको पठनपाठनको लागि दुइ वटा पाठ्यपुस्तकको व्यवस्था गरेको पाइयो । नेपाली किताव र सरल व्याकरणको प्रयोग गरिएको थियो । अवलोकनका दिन"सवैको रक्षक कानुन" को परिभाषा र अर्थको बारेमा शिक्षण गर्नु भएको थियो । पाठ्य वस्तुले राखेको उद्देश्य अनुसार शिक्षण विधिको प्रयोग, शैक्षिक सामाग्रको प्रयोग , विषय वस्तुको प्रस्तुतीकरण, विद्यार्थी सहभागिता सक्रिय गराएको र समग्रमा शिक्षण सिकाइ क्रियाकलाप सवल रहेको देखिन्छ ।

**४.७.३ गणित विषयमा कक्षा शिक्षणको तुलनात्मक रुप :**

गणित विषयको पाठ्यक्रम कार्यान्वयनमा सामुदायिक विद्यालयले पा.वि.के.द्धारा प्रकाशित गणित कितावको प्रयोग गरिएको छ भने संस्थागत विद्यालयले Unique Mathematics पाठ्यपुस्तक प्रयोग गरेको पाइन्छ । सामुदायिक विद्यालयमा गणित विषयको कक्षा शिक्षणको अवलोकन गरेको थियो । यस विद्यालयमा गणित विषय अन्तरगत Set को सिमित र असिमित समूहको वारेमा अध्यापन  गराउनु भएको थियो । उहाँ घण्टी लागेको समयमा नै कक्षामा प्रवेश गर्नु भई आकर्षित तवर बाट शिक्षण गर्नु भएको थियो । टिफिन पछाडिको कक्षा भएकोले विद्यार्थीलाई ध्यानाकर्षण गराउन जोक्सबाट कक्षा शुरु गर्नु भएको थियो । तत् पश्चात पूर्व पाठको पूनरावलोकनको माध्यमबाट नयाँ पाठको शिक्षण कार्य शुरु गर्नु भयो । सिमित र असिमित समूहको वारेमा बोर्डमा लेखेर उदाहरण सहित प्रष्ट पार्नु भएको थियो । कक्षा कार्यमा राम्रो गर्नेलाई प्रात्साहन र नराम्रो गर्नेलाई पृष्ठपोषण गराई सिकारुलाई जागरुक  गराउनु भएको थियो । उहाँले विषय शिक्षण राम्रो गरेता पनि गृहकार्यको चेक भने नगरेको पाइयो ।

संस्थागत विद्यालयमा First period मा नै गणित विषय भएकोले सिकारुहरु सक्रिय साथ सहभागि भएको पाइयो । संस्थागत विद्यालयमा  गणित विषयको First period मा नै अवलोकन गरिएको थियो । कक्षा शुरु हुने वित्तिकै शिक्षक कक्षामा प्रवेश गर्नु भई हाजिरी गरेपछि Home work चेक गरेर पूर्व पाठको पूनरावलोकन पश्चात नयाँ पाठको शुरुआत गर्नु भएको थियो ।

विद्यार्थी सिकाइ कार्यमा सक्रिय सहभागिता रहेको थियो । नवुझेका कुराहरु विद्यार्थीहरुले निडरसाथ प्रश्नाहरु सोध्ने गरेका र सरबाट सरल तरिकाले उत्तर दिनु भएको थियो वा हल गरी दिनु भएको थियो । तत् पश्चात Differece fof set को venndiagram को चित्र बनाई अंकहरु भर्न विद्यार्थीहरुलाई सिकाउनु भएको थियो । त्यसपछि venndiagram मा प्रश्न दिई हल गर्न दिनु भयो र प्रत्यके वेन्चमा गई कक्षा कार्यको निरिक्षण गर्नु भएको थियो र राम्रो गर्नेलाई प्रोत्साहित र नराम्रो गर्नेलाई पृष्ठपोषण गर्नु भयो । उहाँको शिक्षण प्रस्तुतीकरण सवल रहेको पाइएको छ ।

अन्तमा समय सकिएपछि गृहकार्य दिएर सर कक्षाबाट निस्किनु भएको थियो । दुवै विद्यालयको शिक्षकहरुले विद्यार्थीहरुको रुचीको आधारमा learning by doing र स्व : क्रियाकलाप मुखि विधिको प्रयोग गरि शिक्षण गरिएको पाइयो ।

### ४.७.४ विज्ञान विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था :

विज्ञान विषयको पाठ्यक्रम कार्यान्वयनमा सामुदायिक विद्यालय हो पा.वि.के बाट प्रकाशित हाम्रो विज्ञान किताव र संस्थागत विद्यालयले Modern grade science नामक पुस्तक कार्यन्वयनमा ल्याएको छ । सामुदायिक विद्यालयमा विज्ञान विषयको कक्षा शिक्षको अवलोकन तेस्रो घण्टीमा गरिएको थियो भने संस्थागत विद्यालयमा चौथो घण्टीमा गरिएको थियो । सामुदायिक विद्यालयमा कक्षा शुरु घण्टी भन्दा १० मिनेट कक्षामा गई पूर्व पाठको पूनरालवोकन नगरी सिधै विषयवस्तुमा प्रवेश गर्नु भएको थियो । उहाँले क्षेत्रफलको वारेमा अध्ययनपन गराउनु भएको थियो । क्षेत्रफलको परिभाषित गरी क्षेत्रफलको सुत्र लेखाएर उदाहरण सहित हिसाव गर्न लगाउनु भएको थियो ।

त्यस्तै संस्थागत विद्यालयका शिक्षक कक्षा शुरु घण्टी वज्ने वित्तिकै कक्षामा प्रवेश गरी पूर्व पाठको पूनरावलोकन पश्चात गृहकार्य चेक गर्नु भयो र तत् पश्चात नयाँ पाठको प्रारम्भ गर्नु भयो । पाठको शिर्षक Mesurement of time को बारेमा अध्ययापन गर्नु भएको थियो । पाठ्यवस्तुको उद्देश्य अनुसारको शिक्षण विधि र शैक्षिक सामाग्रीको प्रयोग उपयुक्त तरिकारले गरेर अध्ययनपन गरेको पाइएको छ । कक्षा शिक्षक पछि मूल्यांकन पनि सही तरिकाले गरेको पाइएको छ । जस्तै 1 minute मा कति सेकेण्ड हुन्छ ? 1 सेकण्डमा कति

Micro second हुन्छ ? जस्ता प्रश्नहरु गरेका थिए । सही उत्तर दिनेलाई प्रात्साहन र सही उत्तर नदिनेलाई पनि पृष्ठपोषण गर्ने गरेको पाइयो ।
अन्तमा कक्षाको वातावरण शान्त र वालमैत्त्री वन्नु कक्षा शिक्षणको सवल पक्ष देखिन्छ । सामुदायिक विद्यालयका शिक्षकले प्रयोगात्मक विद्यालयका शिक्षकले प्रदर्शन, प्रयोगात्मक र प्रश्नोतर विधिलाई पनि जोड दिएको पाइन्छ ।

**४.७.५ सामाजिक विषयको कक्षा शिक्षणको तुलनात्मक अवस्था :**

सामाजिक विषयको पाठ्यक्रम कार्यान्वयनको लागि सामुदायिक विद्यालयले पा.वि.के द्वारा प्रकाशित पुस्तक र संस्थागत विद्यालयले कोशेली प्रकाशनका सामाजिक अध्ययन पुस्तक कार्यान्वयनमा ल्याएको देखिन्छ । सामाजिक विषयको कक्षा शिक्षण अवलोकन चौथो पिरियडमा र संस्थागत विद्यालयको कक्षा शिक्षण अवलोकन पाचौ पिरियत मा गरेको थियो । सामुदायिक विद्यालयको शिक्षक कक्षामा प्रवेश गर्ने घण्टीको संकेत पश्चात करीव १० मिनेट ढिलो कक्षामा गएको देखिन्छ र कक्षा वातावरण शान्त वनाई पूर्व पाठको Reveiw पश्चात नयाँपाठको शुरुवात गरेको देखिन्छ । नयाँ पाठको शीर्षक रहेको थियो । “विकास क्षेत्रको आवश्यकता ” । यस पाठको आवश्यक शिक्षण विधि र शैक्षिक सामग्रीमा विकास क्षेत्रको नक्साको प्रयोगबाट अध्यापन गरेको पाइयो । मूल्यांकन गर्ने क्रममा पहिले प्रश्न गरेर मात्रत्र विद्यार्थीलाई तोक्ने र उत्तर भन्न लगाउने जस्तो राम्रो पक्षलाई कार्यान्वयन गरेको पाइयो । समूह बिभाजनको माध्यमबाट गृह कार्य गराएका पाइएको छ । शान्त र बालमैत्री वातावरण सिर्जना गरी कक्षामा शिक्षण गरेर बाल मनोभावना अनुसार शिक्षण गराउनु उहाँको शिक्षणको राम्रो विशेषता रहेको देखिन्छ ।

संस्थागत विद्यालयका सामाजिक शिक्षक पनि घण्टी लाग्ने वित्तिक कक्षामा प्रवेश गर्नु भएको थियो । कक्षा वातावरण शान्त बनाई गृहकार्य चेक गरी पूर्व पाठको पुनरावलोकन गरी नया पाठ विकास क्षेत्रको अध्यायन शुरु गर्नु भयो । उहाले विकास क्षेत्रको नक्सा ल्याई भित्तामा टाँसेर अध्ययपन कार्य शुरु गर्नु भएको थियो । उहाँको शिक्षण क्रियाकलाप अत्यन्तै बालमैत्री रहेको थियो । मूल्यांकनको क्रममा राम्रो गर्नेलाई प्रोत्साहन र उत्तर ठीक नदिने लाई Feddback दिने गर्नु भएको पाइएको छ । उहाँले छलफल र प्रदर्शन विधि तथा समस्या समाधान विधिको प्रयोग गरि शिक्षण गर्नु भएको थियो । समग्रमा विधिको प्रयोग गरि शिक्षण गर्नुएको थियो । समग्रमा भन्नु पर्दा उहाँको शिक्षण पद्धति सवल रहेको पाइएको थियो ।

**४.७.६. जनसंख्या र वातावरण शिक्षामा कक्षा शिक्षणको तुलनात्मक अवस्था :**

जनसंख्या र वातावरण शिक्षाको कक्षा ८ को पाठ्यक्रम कार्यान्वयन गर्न सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. ले पा.वि.के बाट प्राकाशित पुस्तक जनसंख्या तथा वातावरण शिक्षा र संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि. ले एकता प्रशासन को population and environmental education पुस्तक प्रयोगमा ल्याएको छ ।सामुदायिक विद्यालयका शिक्षकले कक्षा शुरुको घण्टी वज्ने वित्तिकै करिव १० मिनेट पछि कक्षामा प्रवेश गरेको कक्षा अवलोकनको क्रममा जानकारी भयो । यस विषयको अवलोकन छैटो पिरियडमा गरेको थिए । यस विषयको शिक्षक जिम्मेवारी पूर्ण शिक्षण नगरेको पाइएको थियो । पूर्व पाठको पूनरावलोकन नगरीकन नयाँ पाँठको शुरुआत गरेर विद्यार्थीलाई पढ्न लगाई अरुलाई सोही अनुरुप गर्न लगाउनु भयो । कक्षाको वातावरण र हल्ला भएको पाइयो र कक्षा कन्ट्रोल हुन नसकेको थियो । बच्चाहरु पनि सिकाइ कार्यमा चासो नदिएको पाइयो । मूल्यांकनको क्रममा ठिक उत्तर दिनेलाई ठिक छ र वेठिक उत्तर दिनेलाई feedback नगरि गाली गरेको पाइएको थियो । समग्रमा उहाँको शिक्षण काम उपयुक्त नभएको पाइएको थियो । गृहकार्य पनि नदिएको कक्षा अवलोकन वाट थाहा भएको छ ।

संस्थागत विद्यालयको जनसंख्या तथा वातावरण विषयको कक्षा अवलोकन पाचौ पिरियडमा गरिएको थियो । कक्षा शुरुको घण्टी वज्ने वित्तिकै सर कक्षामा प्रवेश गर्नु भयो । गृहकार्यको परिक्षण पश्चात पूर्व पाठको पूनरावलोकन गरि नयाँ पाठको शुरुआत गर्नुभएको थियो । नयाँ पाठको शिर्षक रहेको थियो “जनसंख्याको महत्व” नयाँ पाठको आवश्यक शैक्षिक सामग्रीको प्रयोगको साथ अत्यन्तै शान्तमय र रुचीकर वातावरण सिर्जना गरेर अध्यापन गराउनु भएको पाइएको थियो । अध्यापन पश्चात मूल्यांकन गर्ने क्रममा राम्रो गर्नेलाई प्रोत्साहन र नराम्रा गर्नेलाई राम्रो छ फेरी कोशिश गर भन्ने जस्ता वाक्यांस प्रयोग गरी अभिरुची पूर्ण तवरले शिक्षण गरेको पाइयो ।
अन्तमा शान्तमय वातावरण सकृय सहभागिताका साथ शिक्षण सिकाई कार्य गर्नु उहाँको राम्रो विशेषता भनिन्छ ।

**४.७.७ पेशा व्यवसाय र प्रविधि विषयमा शिक्षणको तुलनात्कम अवस्था**

पेशा व्यवसाय र प्रविधि विषयको कक्षा ८ को पाठ्यक्रम कार्यन्वयन गर्ने क्रममा सामुदायिक विद्यालयले प्रा.वि.के. द्धारा प्रकाशित पुस्तक कार्यन्वयनमा ल्याएको छ भने संस्थागत विद्यालयले

सोही पुस्तक नै प्रयोगमा ल्याएको छ । सामुदायिक विद्यालयका शिक्षकको कक्षा अवलोकन सातै पिरियडमा गरिएको थियो । कक्षा शुरुको घण्टीको करिव १० मिनेट पश्चात कक्षा जानु भएको थियो । यस विषयको ४ वटा खण्ड मध्ये २ वटा खण्ड मात्र पढ्नु पर्ने व्यवस्था छ । कक्षा प्रवेश पश्चात गृहकार्यको निरिक्षण पछि पूर्व पाठको समिक्षा गर्दै नयाँ पाठको प्रारम्भ  गर्नु भएको थियो । उहाँको पाठको शिर्षक रहेको थियो  "कृषि क्षेत्रसंग सम्वन्धित पेशा र जनशक्ति" । यस विषयले राखेको उद्देश्य अनुसार अत्यन्त शान्तमय वातावरणमा अध्ययापन गर्नु भएको थियो र सिकारुहरुको सक्रिय सहभागी रहेको पाइयो । शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग पनि सही थियो । अध्यापन पश्चात मूल्यांकन  गर्दा सही उत्तर दिनेलाई स्यावासी र गलत उत्तर दिनेलाई पनि राम्रो गर भन्दै पृष्ठपोषण दिनुभएको थियो । समग्रमा उनको शिक्षण विधिमा सवलता नै देखिन्छ ।

त्यस्तै संस्थागत विद्यालयका सरको कक्षा अवलोकन आठौ पिरियडमा गरिएको थियो । कक्षा शुरुको घण्टीको संकेत हुने वित्तिकै  सर कक्षामा प्रवेश गर्नु भएको थियो । कक्षा वातावरण शान्त र रुचीकर वनाउन एउटा चुट्किला भन्नु भयो र सिकारुको ध्यानाकर्षण गराउनु भयो । त्यसपछि गृहकार्य चेक गर्नुभयो र नयाँ पाठ "प्राविधिक जनशक्ति" को वारेमा शिक्षण गर्नु भयो । उहाँको शिक्षण पस्तुतीकरण अत्यन्तै  उपयुक्त रहेको पाइयो । सकारुको पनि सक्रिय सहभागिता रहेको पाइएको छ । त्यसैले मूल्यांकन गर्दा पनि धेरैले सही उत्तर दिएको र धेरैले मात्र आंशिक उत्तर दिएको पाइयो । सही उत्तर दिनेलाई स्यावासी र गलत उत्तर दिनेलाई पनि प्रयासको लागि धन्यवाद भनेर पढाइ प्रति लगाव वढाउने विधि  अवलम्वन गर्नु भएको हो । शिक्षकको शिक्षण क्षमता उच्च रहेको पाइयो ।

### ४.७.८. नागरिक तथा नैतिक विषयमा शिक्षणको तुलनात्मक अवस्था

नागरिक तथा नैतिक विषयको पाठ्क्रम कार्यान्वयनको क्रममा सामुदायिक विद्यालयले पा.वि.के वाट प्रकाशित पुस्तक नागरिक तथा नैतिक शिक्षा प्रयोग गरेको छ भने संस्थागत विद्यालयले जनक प्रकाशन को नैतिक र नागरीक शिक्षा पुस्तकको प्रयोग गरेको छ । सामुदायिक विद्यालयका विषय सर कक्षा शुरुको घण्टीको संकेत हुने वित्तिकै कक्षामा प्रवेश गरि सके पछाडी सिकारुको ध्यानाकर्षण तालीबाट गर्नु भएको थियो र गृह कार्यको चेक नगरी नयाँ पाठको शुरु गर्नु भएको थियो । जसमा नयाँ पाठको शिर्षक रहेको थियो । असल व्यवहार पूर्व पाठको पूनरावलोकन नै नगरी पाठको शुरुवात गर्नुभयो । कक्षा वातावरण पनि हो हल्ला भएको,

शिक्षक अभिभावक, सिकारुहरु पनि सक्रिय सहभागि नभएको, पाठ्यवस्तु उद्देश्य अनुसार शिक्षण विधिको पनि प्रयोग नभएको पाइएको थियो । शिक्षण मा प्रवचन विधिको मात्र प्रयोग भएको थियो । मूल्यांकनको पनि त्यति ध्यान नदिएको तर गृहकार्य भने दिने गरेको पाइएको थियो । समग्रमा शिक्षण कौशल त्यती राम्रो नभएका पाईयो ।

त्यस्तै संस्थागत विद्यालयका सरको पनि कक्षा शिक्षण अवलोकन भएको थियो । सर कक्षामा घण्टी बज्ने वित्तिकै प्रवेश गर्नु भएको थियो । कक्षा प्रवेश गर्ने वित्तिकै सिकारुको ध्यानाकर्षण गराउन एउटा गित गाउनु भए भयो र गृहकार्यको चेक गर्नु भयो । गृहकार्य चेक पश्चात नयाँ पाठ "राष्ट्र प्रति नागरिकको दायित्व" भन्ने विषयको शुरुआत गर्नु पूर्व पाठको पूनरावलोकन गर्नु भयो र नयाँ विषयवस्तुमा प्रवेश गरी अध्ययापन गर्नु भयो । उहाँ विषय वस्तुको प्रस्तुती अन्यन्तै सवल देखिन्थे । अध्यापन पश्चात मूल्यांकन गर्दा राम्रो उत्तर दिने लाई धन्यवाद र नराम्रो उत्तर दिनेलाई पनि प्रयास अघि वढाउ भन्ने जस्ता शब्दहरु प्रयोग गरेर सिकारुलाई पढाईमा लगनशिल वनाउने शब्दहरुको प्रयोग गरि शिक्षणमा कौशलता प्रदान गरेको उहाँको सवल पक्ष रहेको देखिन्छ ।

### ४.७.९ ऐच्छिक कम्प्यूटर विषयमा शिक्षणको अवस्था :

यो विषयगत पढाई संस्थागत विद्यालयमा मात्र हुने गरेको थियो । जसमा Computer Science नामक पुस्तक कार्यान्वयनमा ल्याएको छ । यस विषयको सैद्धान्तिक पढाई कक्षामा हुने गरेको थियो भने प्रयोग computer Lab मा भएको थियो । कक्षा अवलोकनको दिन शिक्षकले Application at computer को वारेमा छलफल गर्नु भएको थियो । कम्प्यूटरको प्रयोग विभिन्न क्षेत्रहरुमा हुने कुरा करिव २०-३० मिनेट छलफल गरी विद्यार्थीहरु छर्लङ्ग पार्नु भएको थियो । आजको युगमा कम्प्युटर विना क्षेत्रमा काम नहुने विषयमा प्रष्ट पार्नु भएको थियो । विद्यार्थीहरुलाई कम्प्युटरको प्रयोगको वारेमा अत्यान्तै प्रष्ट तरिकाले शिक्षण गर्नु भएको थियो । विद्यार्थीहरुको सहभागिता पनि अन्यन्तै सक्रिय र रुचीकर थियो । यसलाई प्रयोगात्मक विधि र पर्दशन विधि र समस्या समाधान विधिको प्रयोग गरिएको थियो । अध्यापन पश्चात मूल्यांकन गर्दा ठिक उत्तर दिनेलाई Good र बेठिक उत्तर दिनेलाई राम्रोसंग प्रयास अगाडि वढाऊ भन्ने जस्ता वाक्यहरु प्रयोग गरेर अध्ययनमा लगनशिलता वढाउने कार्य गर्नु उहाँको शिक्षण कौशल सवल मान्न सकिन्छ ।

**४.७.१० ऐच्छिक गणित विषयमा कक्षा शिक्षणको तुलनात्मक अवस्था :**

ऐच्छिक गणित विषयको अध्ययापन संस्थागत विद्यलायमा मात्र हुने गरेको पाइएको छ । यस विषयको Readmore publication को optional Math पुस्तक प्रयोग गरिएको छ । यस विषयको कक्षा अवलोकन सातौ पिरियडमा गरिएको थियो । कक्षा समय शुरुहुने वित्तिकै कक्षा प्रवेश गरेर पूर्व पाठको पूनरावलोकन गराई शिक्षण कार्य शुरु गर्नु भएको थियो । शुरुमा गृहकार्य चेक गरेर नयाँ पाठको अध्ययापन गर्नु भएको थियो । पाठ रहेको थियो Union and intersection of sets । शिक्षकले यसको वारेमा अत्यन्तै शान्तमय र रुचीकर किसिमले अध्ययापन गर्नु भएको थियो । अध्ययापन पश्चात मूल्यांकनको कममा राम्रो गर्नेलाई प्रोत्साहन र नराम्रो गर्नेलाई पृष्ठपोषण दिई राम्रो गर्ने गर भन्ने वाक्यहरुको प्रयोग गरेर पढाइमा लगनशिल गराउन प्रेरणाको भूमिका निर्वाह गरेको पाइयो ।

अन्तमा गृहकार्य दिएर कक्षाबाट बाहिरिनु भएको थियो । उहाँको शिक्षण कौशललाई सवल पक्षको रुपमा मान्न सकिन्छ ।

**४.७.११. परीक्षा प्राणालीको तुलनात्मक अवस्था :**

पाठ्यवस्तुको उद्देश्य के-कति मात्रमा हासिल भयो, शिक्षण सिकाई कियाकलाप प्रभावकारी वन्यो कि बनेन , विद्यार्थीले हासिल गर्नु पर्ने ज्ञान , सिप र धारणाको विकास के कति मात्रमा भयो, जस्ता प्रश्नहरुको उत्तर खोज्न परिक्षा प्रणालीको कार्यान्वयन गरिनु आवश्यक देखिन्छ , जसले समग्र शैक्षिक कियाकलापको मूल्यांकन गर्दछ । सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. को शैक्षिक क्यालेण्डर अनुसार कक्षा ८ को परिक्षा १ शैक्षिक सत्रमा ३ पटक हुने गरेको पाइएको छ भने संस्थागत विद्यालय श्री गोरखा बोर्डिङ मा.वि. मा ५ प्रकारले हुने गरेको पाइयो । यी दुवै विद्यालयको परीक्षा समय निम्नानुसार छ ।

सामुदायिक विद्यालय श्री सिंजाली मा.वि.को कक्षा ८ को परिक्षा तालिका

| परीक्षाको किसिम | पूर्णाङ्क | उत्तिर्णाङ्क | मिति | समय | दिन |
|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक परीक्षा | ४० | १६ | भाद्र महिना | १.५ घण्टा | ९ |
| दोस्रो त्रैमासिक परीक्षा | ६० | २४ | पौष महिना | २ घण्टा | ९ |
| जिल्ला स्तरीय परीक्षा | १०० | ४० | फागुन र चैत महिना वा गा.पा.सि.स.को निर्देशन अनुसार | | |

स्रोत : श्री सिजाली मा.विको परीक्षा तालिका

**संस्थागत विद्यालय गोरखा वोर्डिङ मा.वि.को कक्षा ८ को परीक्षा तालिका :**

| Types of Exam | Full Marks | Pass Marks | Exam date | Exam time | Exam conduct days. |
|---|---|---|---|---|---|
| First Term | 10 | 4 | Ashad 1-10 | 1 hour | 10 |
| Second term | 20 | 8 | Bhadra 15-25 | 1 hour | 10 |
| Third term | 30 | 12 | Poush 1-10 | 1-5 hour | 10 |
| Fourth term | 40 | 16 | Falgun 1-10 | 2 hrs | 10 |
| Gaun Palika level Examination | 100 | 40 | Falgun to chitra | 3 hrs | 13 |

**स्रोत : गोरखा वोर्डिङ मा.वि.को कक्षा ८ को परीक्षा तालिका :**

माथि उल्लेखित दुवै विद्यालयको परिक्षा तालिकालाई हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा २ पटक वढी परिक्षा हुने देखिएको छ । परिक्षा संचालन हुने दिनहरु पनि संस्थागतमा वढी र उत्तीर्णाङ्क पनि ४० प्रतिशत रहेको देखिएको छ । प्र.अ. र शिक्षकहरुका अनुसार सामुदायिक विद्यालयको पहिलो दोस्रो आवधिक परिक्षाको प्रश्नपत्र विद्यालयले निर्माण गर्ने गरेको र अन्तिम परिक्षाको प्रश्न पत्र गाउँपालिका शिक्षा समितिबाट आउने गरेको पाइएको छ ।

त्यस्तै संस्थागत विद्यालययको पनि पहिलो , दोस्रो, तेस्रो, चौथो आवधिक परीक्षाको प्रश्न पत्र विद्यालय आफैले निर्माण गर्ने र वार्षिक परिक्षाको प्रश्न पत्र भने गाउपालिका शिक्षा समितिबाट नै आउने प्र.अ. तथा शिक्षकहरुबाट जानकारी प्राप्त भयो त्यस्तै संस्थागत विद्यालयको ऐच्छिक विषयहरुको परीक्षा भने विद्यालय आफैले संचालन गर्ने वताइएको छ ।

त्रैमासिक परीक्षाहरुको नतिजा परिक्षा सकिए पछि करिव १५ दिन पछि गर्ने सामुदायिक विद्यालयका प्र.अ. बाट जानकारी भयो भने संस्थागत विद्यालयको परिक्षा सकिए पछि करिव १२ दिनमा नै नतिजा दिने वताएको पाइएको छ ।

त्रैमासिक परीक्षाहरुलाई सुधारात्मक परीक्षाको रुपमा लिइन्छ भने अन्तिम परीक्षालाई निर्णायात्मक परिक्षाको रुपमा लिने गरेको पाइयो ।

अहिलेको पाठ्यक्रममा धेरै विषयहरुमा प्रयोगात्मक पनि भएको र उत्तीर्ण हुनलाई प्रयोगात्मकलाई पनि आधार मान्ने भएकोले विद्यार्थी पास भएता पनि शिक्षामा गुणस्तर नआएको शिक्षकहरुले वताउनु भएकोछ । शिक्षामा गुणस्तर कार्य गर्न परिक्षा प्रणालीमा सुधार गरि सैदान्तिकलाई मात्र पासको मापदण्ड बनाउनु पर्ने मेरो धारणा रहेको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१. निष्कर्ष

गोरखा जिल्ला स्थित सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. र संस्थागत विद्यालय श्री गोरखा वोर्डिङ मा.वि.लाई नमूनाको रुपमा छनौट गरी सामुदायिक विद्यालय र संस्थागत विद्यालय वीच कक्षा ८ को पाठ्यक्रम कार्यान्वयन वारे गरिएको तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्ष लाई समानता र असमानताको आधारमा यसरी विश्लेषण गरिएको छ ।

(क) यस अध्ययनको उद्देश्य अनुसार पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक योजनाहरु, दस्तावेजहरु, पूर्वाधारहरु, शिक्षक विद्यार्थी व्यवस्थापन, कक्षा शिक्षण , अतिरिक्त कियाकलाप, मूल्यांकन वारे प्राप्त प्राप्तिहरुको आधारमा दुवै विद्यालयको सम्पूर्ण पक्षहरु सवल, दुर्वल, समानता र असमानता पक्षहरुलाई विश्लेषण गर्दा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्था अनुसार विद्यालयको वातावरण अनुसार राम्रो रहेको पाइयो ।

(ख) पाठ्यक्रम कार्यान्वयनको प्राविधिक विषय, शिक्षण विधिसंग सम्वनिधत विभिन्न सिद्धान्तहरु, पाठ्यक्रमसंग सम्वन्धित परिभाषाहरु, शैक्षिक विकेन्द्रिकरणका प्रभावहरु, शैक्षिक निजिकरणको अवस्थालाई मध्ये नजर गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा कक्षा ८ का पाठ्यक्रमको कार्यान्वयनको अवस्था तुलनात्मक रुपमा सफल , सवल र अग्र रहेको पाइयो ।

(ग) शैक्षिक व्यवस्थापन प्रणालीमा शैक्षिक निजिकरण र विकेन्द्रिकरण प्रणालीलाई न्वियनमा ल्याई विद्यार्थीहरुलाई कुनै त्रास नदिई उनीहरुको रुची, चाहना र मनोविज्ञानको आधारमा विद्यार्थी केन्द्रित विभिन्न शिक्षण विधिहरु कार्यान्वयन ल्याई शिक्षा क्षेत्रमा देखिएका स्थानीय समस्याहरुलाई स्थानीय स्तरमा नै समाधान गरे सम्पूर्ण राष्ट्र कै शैक्षिक गुणस्तरमा नै सुधार आउने निष्कर्षमा पुगियो ।

(घ) तुलनात्मक रुपमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको अवस्था सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा सवल रहेको निष्कर्षमा पुगियो ।

(ङ) परिक्षा प्रणाली सामुदायिक विद्यालयमा तिन पटक र संस्थागत विद्यालयमा ५ पटक हुने गरेको पाइयो ।

### ५.२. सुझावहरु

सामुदायिक विद्यालय श्री सिंजाली मा.वि. र संस्थागत विद्यालय र श्री गोरखा वोर्डिङ मा.वि.मा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयन को तुलनात्मक अवस्थाको अध्ययनको क्रममा देखा परेका शैक्षिक समस्याहरुलाई समाधान गरी शैक्षिक गुणस्तरमा सुधार गर्न निम्न सुझावहरु पेश गरेको छु ।

#### ५.२.१ . निति निर्माण तह

सामदुायिक विद्यालय र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक स्थितिको अध्ययनबाट विविध प्रकारको नितिगत कुराहरुमा सुधार गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यायमा र संस्थागत विद्यालयमा दक्ष र योग्य शिक्षकहरुबाट पठनपाठन हुदाहुदै पनि शैक्षिक गुणस्तरमा सुधार आएकोको देखिदैन त्यसैले युसलाई सुधार गर्न सरकारीको तर्फबाट कडा शैक्षिक निति नियम निर्माण गरी लागू गर्नु पर्ने देखिन्छ ।अभिभावक पक्षको पनि शिक्षा प्रति चासो हुनु पर्ने, विद्यालय व्यवस्थापन समितिबाट विद्यालयमा अनुगमन तथा निगरानी गर्न् पर्ने अशिक्षित वा पछाडि पारिएका नागरीकहरुलाई शिक्षाको महत्वको वारेमा जानकारी गरिनुपर्ने , शिक्षकहरुलाई पेशा प्रति जवाफदेही वनाउन शिक्षा ऐनको कार्यन्वयन गरिनुपर्ने राय प्रस्तुत गर्दछु ।

#### ५.२.२. कार्यान्वयन तह

सामुदायिक विद्यालय र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक स्थितिको अध्ययनबाट प्राप्त जानकारीको आधारमा विविध विषयमा निति निर्माण गरी लागू गर्नु पर्ने देखिन्छ । तुलनात्मक रुपमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर राम्रो रहेको पाइएको छ । त्यसको कारण के हो त भने निति निर्माण गरेर मात्र पुग्दैन, त्यसलाई लागु गर्नुपर्ने प्रमुख पक्ष देखिन्छ । विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न भौतिक शैक्षिक बालमैत्री विद्यालय वातावरण, अपांङ मैत्री वातावरण, उपयुक्त कक्षा व्यवस्थापन, मनोवैज्ञानिका तवरको शिक्षण विधि र शैक्षिक सामाग्रीको प्रयोग गर्ने हो भने यी दुवै विद्यालयको शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्न सकिन्छ भन्ने कुरामा दुइमत देखिदैन ।

#### ५२.३ अनुसन्धान तह

सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा ८को पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन पश्चात विविध पक्षको वारेमा ध्यान दिई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । विद्यालयमा पाठ्यक्रमको सफल कार्यान्वयन गर्न पाठ्यक्रम, शिक्षक निर्देशिका , शैक्षिक सामग्री तथा सन्दर्भ

सामाग्रीको उपलब्धता गरिनुपर्ने देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थीहरुको गृहकार्यमा ध्यान दिनुपर्ने , गृहकार्य परिक्षण गरिनुपर्ने देखिन्छ । सामुदायिक विद्यायमा पुस्तकालयमा पुस्तकको संख्या वढाउनुपर्ने र बसेर पढ्ने कोठाको व्यवस्थ ागर्न्पर्ने देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयमा परिवर्तित समय अनुरुप कप्यूटर विषयको पढाई गर्नुपर्ने आवश्यकता देखिन्छ । शिक्षकहरुलाई शैक्षिकसत्रको शुरुमा नै विषयगत र पुनर्ताजगी तालिमको व्यवस्था गरिनुपर्ने देखिएको छ । शिक्षकहरुले बालमैत्री बातावरणमा शिक्षण गरी सिकाई विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्नु पर्ने देखिएको छ । शिक्षकहरुले शिक्षण पश्चात मूल्याङ्कन गर्ने क्रममा ठिक उत्तर दिनेलाई प्रोत्साहन र गलत उत्तर दिनेलाई पनि पृष्ठपोषण गर्नुपर्ने आवश्यकता महसुस भएको छ । यस अनुसन्धानबाट सवै वालवालिकाहरुले समान किसिमको सिकाइ उपलब्धि हासिल गर्न नसक्नुको कारण अनुसन्धानबाट प्रष्ट हुन नसकेकोले यस विषयमा विस्तृत रुपमा अनुसन्धान गर्न आवश्यक रहकोले यस भन्दा पछिका अनुसन्धानकर्ताहरुलाई यस विषयमा थप अनुसन्धान गर्नको लागि सुझाव दिन चाहन्छु ।

# सन्दर्भग्रन्थसूची

काफ्ले, दिपक (मंसिर १५, २०६६०), शैक्षिक विकेन्द्रिकरण, काठमाण्डौ : अनुसन्धानकर्ताले विद्यालय निरीक्षकको तयारी कक्षाको लेक्चर नोट ।

खतिवडा, श्रीप्रसाद (२०६०), सस्थांगत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय बिभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौं ।

चालिसे, सरस्वति (२०६८), संस्थागत तथा सामुदायिक प्राथमिक विद्यालयको कक्षा शिक्षण र मूल्याङ्कन प्रणाली कार्यान्वयनको तुलनात्मक अध्ययन, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय बिभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौं ।

गोरखा बोर्डिङ्ग मा.वि.२०७६, कक्षा ८ को हाजिरि कापी, बार्षिक शैक्षिक क्यालेण्डर र समय तालिका ।

वाग्ले, मनप्रसाद (२०६८-११-१४), शैक्षिक कारखानामा शोषित मजदुर, काठमाण्डौंः कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, पा.७ ।

सिँजाली मा.वि. (२०७६), कक्षा ८ को हाजिरि कापी, बार्षिक शैक्षिक क्यालेण्डर र समय तालिका ।

सुबेदी, रेशम बहादुर (२०६२), उच्च निम्न नतिजा रहेका सामुदायिक माध्यामिक विद्यालयको शैक्षिक अवस्था एक अध्ययन, स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय बिभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौं ।

Curriculum Development Center (2068). Basic Education Curriculum (class 6 8). Bhaktpur: Government of Nepal Ministry of Education Curriculum BENELLI Development Center.

Curriculum Development Center (2063). National Curriculum Framework 2063. Bhaktpur: Government of Nepal Ministry of Education and Sports Curriculum Development Center.

*Department of Education. (2011). School Level Educational Statistics of Nepal:*

*Consolidated Report 2010. Bhaktapur : Government of Nepal Ministry of* Education Department of Education.

Department of Education. (2067). Flash report I - 2067. Bhaktapur : Government of Nepal Ministry of Education Department of Education.

Department of Education. (2009). Flash report 1 -2009. Bhaktapur : Government of Nepal Ministry of Education Department of Education.

*Dhakal, Madhabprasad & Koirala, Matrikaprasad (2066). Philosophical & Sociological Foundation of Education. Kathmandu : Ratnapustak* bhandar.

*Marsh, C.J. & Wills, G.(1999).Curriculum: Alternative Approaches & Ongoing* Issues. Ohio: An Imprint of Prentice of Prentive Hall. P.230-231.

Ministry of Education and Sports (2059 a). Different Reports of Education, Commission. Kathmandu: Makalu Publication.

Ministry of Fincation and Sports (2059 b). Education Act-2028 (7th ed.). Katmandu Makalu Prakashan Home.

Ministry of Education and Sports (2067). Education Rules-2059 (6th ed.). Kathmandu: Makalu Prakashan Home.

Ministry of Education (2028), National Education System Plan (2028-2032).

Kathmandu: His Majesty of Government Ministry of Education .

*Ornstein. A.C: & Hunkins, F.P.(2004). Curriculum Foundation Principles & Theory2nd Edition). Boston: Allyn & Balon.*

*Print, Murray (1993). Curriculum Development and Design. Sydney: Allen and* Unwin Pty LTD.

Sharma, Gopinath (2060). Education History in Nepal part-2. Kathmandu:

Makalu Prakashan Stationary.

Worthen, B.R. and Sanders, J.R. (1987). Educational Evaluation: Alternative

Approaches and Practical guidelines. New York:

# सामुदायिक र संस्थागतम विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति

## अनुसूचि १

## साधनहरु निर्माणको लागि खाका

| क.सं. | अनुसन्धान प्रश्नहरु | विद्यालय सर्वेक्षण फारम | प्र.अ.अन्तर्वार्ता | शिक्षक प्रश्नावली | कक्षाकोठा अवलोकन फारम | लक्षित समुह छलफल तालिका | दस्तावेज अध्ययन |
|---|---|---|---|---|---|---|---|
| 1 | पाठ्यक्रम संरचना कस्तो छ ? | अनिवार्य र ऐच्छिक विषयहरु, पाठ्यभार, पूर्णाङ्क, उत्तीर्णाङ्क र सैद्वान्तिक/प्रयोगात्मक | समस्याहरु, आधारहरु र उपायहरु | अनिवार्य र ऐच्छिक विषयमा पर्याप्तता | | | पाठ्यक्रम |
| 2 | पाठ्यपुस्तक कस्तो छ ? | पाठ्यपुस्तक पंङ्ख्या, भाषाको माध्याम र मुल्य | पठ्यपुस्तक छनोट प्रक्रिया, समस्याहरु र समाधान । | कार्यालयको पाठ्यपुस्तक, लाइब्रेरीमा पाठ्यपुस्तक, समस्याहरु, सिमितताहरु र छनोट | पाठ्यपुस्तकको प्रयोग | पाठ्यपुस्तकको प्रयोग | पाठ्यपुस्तक |
| 3 | रुटिन कस्तो छ ? | | योजना निर्माण, समस्याहरु र राम्रो बनाउने उपायहरु | समस्याहरु र राम्रो बनाउने उपायहरु | | समस्याहरु र समाधान | रुटिन |
| 4 | शैक्षिक क्यालेन्डर कस्तो छ ? | पढाई हुने दिन, स्कुल खुल्ने दिन, परिक्षा हुने दिन र भ्याकेसन बिदा | योजना, प्रक्रिया, समस्याहरु, र राम्रो बनाउने उपायहरु | | | | क्यालेन्डर |
| 5 | भौतिक पूर्वाधार कस्तो छ ? | बेञ्च,डेक्स, शैचालय, भौतिक पुर्वाधार कस्तो छ । खानेपानी, खेलमैदान, कालोपाटी, पुस्तकालय र भवन । | व्यवस्थापन पक्रिया, समस्याहरु र समाधानका उपायहरु | | फर्निचरको र शैक्षिक सामाग्रीको प्रयाप्तता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | शिक्षक व्यवस्थापन कस्तो छ ? | शिक्षक छनोट प्रक्रिया, समस्याहरु र समाधानका उपायहरु | योग्यता, विशिष्टता, विषय परिवर्तन । | | | | रुटिन र हाजीर कापी । |
| 7 | विद्यार्थी व्यवस्थापन कस्तो छ ? | भर्ना संख्या र हाजिरी संख्या | | विद्यार्थी सहभागिता । | विद्यार्थीको बसाई | समस्याहरु र समाधान । | हाजीर कापी |
| 8 | अतिरिक्त क्रियाकलाप कस्तो छ ? | शैक्षिक क्यालेन्डर, प्रकार प्रक्रिया | योजना, समस्याहरु, उपायहरु, के(कसरी गरिन्छ, समस्याहरु प्रक्रिया र आधारहरु | के-कसरी गरिन्छ, समस्याहरु र राम्रो बनाउने | | अतिरिक्त क्रियाकलाप के के हुन्छन् र कसरी हुन्छन् । | |
| 9 | कक्षाकोठा क्रियाकलाप | | अतिरिक्त क्रियाकलाप, कोचिङ्ग, खालि पिरियड, समस्याहरु, राम्रो बनाउने । उपायहरु र अनुगमन | प्रयोगात्मक कक्षा, शिक्षण विधि, सामाग्रीहरु, समस्याहरु, समाधानहरु, । दण्ड, पुरस्कार र गत बर्षको कक्षा ८ को कोर्ष समापन | कक्षा शुरु र अन्त्य हुने । समय, पाठ शुरु गर्ने प्रक्रिया, शैक्षिक सामग्रीको प्रयोग, सारांश गर्ने प्रक्रिया, प्रश्न गर्ने तरिका, गृहकार्य र । पृष्ठपोषण । | पाठ प्रारम्भ, अन्त्य, कक्षाकार्य, गृहकार्य, दण्ड, पुरस्कार, विद्याथी सक्रियता, प्रयोगात्मक कक्षा र गत बर्ष कक्षा ७ को कोर्ष समापन | |
| 10 | परीक्षा प्रणालि कस्तो छ ? | प्रकारहरु र समय | सञ्चालन प्रक्रिया, समस्याहरु र उपायहरु | प्रकारहरु, समय, प्रश्नपत्रहरु निर्माण, विद्यार्थीको नतिजा, समस्याहरु, समाधानहरु, पुरस्कार र पृष्ठपोषण | | | समस्याहरु र राम्रो बनाउने उपायहरु |

# सामुदायिक र संस्थागतम विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति

## अनुसूचि २

## बिद्यालय सर्वेक्षण फाराम

विद्यालयको नाम :............................ मिति :...........

कक्षा ८ का विषयहरू ...

| क्र.सं. | विषयहरु | अनिवार्य/ऐच्छिक | पूर्णाङ्क | उर्त्तिर्णाङ्क | पाठ्यभार | सैद्धान्तिक/प्रयोगात्मक | पाठ्यपुस्तकको संख्या | प्रकाशक | भाषा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | हाम्रो नेपाली किताब | | | | | | | | |
| 2 | हाम्रो अंग्रेजी किताब | | | | | | | | |
| 3 | हाम्रो गणित किताब | | | | | | | | |
| 4 | हाम्रो विज्ञान किताब | | | | | | | | |
| 5 | हाम्रो सामाजिक अध्ययन | | | | | | | | |
| 6 | हाम्रो पेशा व्यवसाय र प्रविधि | | | | | | | | |
| 7 | हाम्रो जनसंख्या तथा वातावरण शिक्षा | | | | | | | | |
| 8 | हाम्रो स्वास्थ्य तथा शारीरिक शिक्षा | | | | | | | | |
| 9 | हाम्रो नैतिक तथा नागरिक शिक्षा | | | | | | | | |
| जम्मा | | | | | | | | | |

२. स्कुलको वार्षिक क्यालेन्डर

| विद्यालय | स्कुल खुल्ने दिन | पढाइहुने दिन | परिक्षा हुने दिन | सम्पूर्ण विदाहरु |
|---|---|---|---|---|
| सामूदायिक | | | | |
| संस्थागत | | | | |
| भिन्नता | | | | |

३. भौतिक पूर्वाधारहरु :

| भौतिक पूर्वाधारहरु | पर्याप्त छ/छैन | राम्रो छ/छैन |
|---|---|---|
| बेन्च | | |
| डेस्क | | |
| पिउने पानी | | |
| शौचालय | | |
| मार्करबोर्ड | | |
| पुस्तकालय | | |
| भवन | | |
| अन्य | | |

४. शैक्षिक सत्रमा विद्यार्थीको हाजिरी पहिलो मिति..................अन्तिम मिति....................

| विद्यार्थी भर्ना संख्या | हाजिरी लिएको दिन | औषत उपस्थिती दिन | औषत उपस्थित विद्यार्थी संख्या |
|---|---|---|---|
| | | | |

६. अतिरिक्त क्रियाकलापहरु :

...................................................................................

७. परिक्षाको किसीम :

| परिक्षाको किसीम | पूर्णाङ्क | उत्तिर्णाङ्क | परी्क्षा मिति | परीक्षा समय | परीक्षा सञ्चालन हुने जम्मा दिन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## सामुदायिक र संस्थागतम विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति

## अनुसूचि ३

### प्र.अ.संगको अन्तर्वार्ता सूचि

प्र.अ.को नाम : ........................................ शैक्षिक योग्यता :..........................

विद्यालयको नाम :.....................................

1. कक्षा ८ को पाठ्यक्रम कसरी निर्धारण गरिएको छ ?

   ..........................................................................................................................

2. कक्षा ८ को अनिवार्य विषयहरूको पाठ्य पुस्तक छनोट गर्ने आधारहरू के के हुन् ?

   (क) (ख) (ग) (घ)

3. कक्षा ८ मा पाठ्य पुस्तक छनोट गर्दा कस्ता कस्ता समस्याहरू आइपरे ?

   ..........................................................................................................................

4. कक्षा ८ का पाठ्य पुस्तक सम्बन्धी कमी कमजोरी के के छन् ?

   ..........................................................................................................................

5. राम्रो पाठ्य पुस्तकको व्यवस्था गर्नको लागि के के गर्नुपर्ला ?

   ..........................................................................................................................

6. समय तालिका निर्माण कसरी गर्नु भयो ?

   ..........................................................................................................................

7. समय तालिका निर्माणका समस्याहरु के-के होलान् ?

   ..........................................................................................................................

8. समय तालिका अझै राम्रो कसरी गराउने होला ?

   ..........................................................................................................................

9. तपाईंको विद्यालयको वार्षिक शैक्षिक क्यालेन्डर कसरी बनाउनु भयो ?

   ..........................................................................................................................

10. शैक्षिक क्यालेण्डर निर्माणका समस्याहरु के(के होलान् ?

    ..........................................................................................................................

11. शैक्षिक क्यालेण्डर अझै राम्रो कसरी गराउने होला ?

    ..........................................................................................................................

12. भौतिक पूर्वाधारको व्यवस्था कसरी गर्नु भएको छ ?

    ..........................................................................................................................

13. भौतिक पूर्वाधार सम्बन्धी समस्याहरू के-के होलान् ?

    ..........................................................................................................................

14. भौतिक सुविधाहरूको राम्रो व्यवस्थापन गर्न के-के गर्नुपर्ला ?

.....................................................................................................................................

15. कक्षा ८ का शिक्षक छनोट कसरी गर्नुहुन्छ ?

.....................................................................................................................................

16. शिक्षक छनोट गर्दाका समस्याहरू बताइ दिनु हुन्छ कि ?

.....................................................................................................................................

17. शिक्षक व्यवस्थापन सुधार गर्न के के गर्नुपर्ला ?

.....................................................................................................................................

18. अतिरिक्त क्रियाकलापको लागि कसरी योजना बनाउनु हुन्छ ?

.....................................................................................................................................

19. अतिरिक्त क्रियाकलाप सम्बन्धी समस्याहरू के के होलान् ।

.....................................................................................................................................

20. राम्रोसँग अतिरिक्त क्रियाकलापहरू गराउन के के गर्नुपर्ला ?

....................................................................................................................................

21. पाठ्यक्रमको सफल कार्यान्वयनको लागि अतिरिक्त कक्षाको व्यवस्था कसरी गर्नु भएको छ ?

.....................................................................................................................................

22. कोचिङ कक्षाहरुको व्यवस्था कसरी गर्नु भएको छ ?

....................................................................................................................................

23. कक्षाकोठामा पिरियड खालि भएमा कसरी व्यवस्थापन गर्नुहुन्छ ?

.....................................................................................................................................

24. कक्षा क्रियाकलापमा देखिएका समस्याहरु के-के होलान् ?

....................................................................................................................................

25. कक्षा क्रियाकलापलाई अझ राम्रो बनाउन के गर्नुपर्ला ?

.....................................................................................................................................

26. कक्षा क्रियाकलापको अनुगमन कसरी गर्नुहुन्छ ?

....................................................................................................................................

27. परीक्षा सञ्चालन कसरी गराउनुहुन्छ ?

.....................................................................................................................................

28. परीक्षा सञ्चालनमा देखिएका समस्याहरू के के होलान् ?

....................................................................................................................................

29. परीक्षा सञ्चालनमा सुधार गर्न के के गर्नुपर्ला ?

....................................................................................................................................

## सामुदायिक र संस्थागतम विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति
## अनुसूचि ४
### शिक्षक प्रश्नावलीहरू

शिक्षकको नाम :......................... योग्यता :.......................

1. कक्षा ८ को अनिवार्य विषयहरुको पाठ्यक्रकममा विषयवस्तुहरुको प्रयाप्तता के-कस्तो रहेको छ ?

.....................................................................................................................

2. कक्षा ८ को ऐच्छिक विषयहरुको पाठ्यक्रममा विषयवस्तुहरुको प्रयाप्तता के-कस्तो रहेको छ ?

.....................................................................................................................

3. कक्षा ८ मा पढाउने सबै पाठ्य पुस्तकहरू विद्यालयमा उपलब्ध भएका छन् ?

(क) छन्  (ख) छैनन्

4. पाठ्यपुस्तकहरूको छनोट कसरी गरिन्छ ?

.....................................................................................................................

5. शिक्षक र विद्यार्थीलाई प्रर्याप्त क्रियाकलापहरू पाठ्यक्रममा समावेश छ छैन ?

.....................................................................................................................

6. के पाठ्य पुस्तक छनोट गर्दा शिक्षकको राय लिइन्छ ?

(क) लिइन्छ  (ख) लिइँदैन

7. तपाईंले आफुले पढाउने पाठ्य पुस्तकमा के-कस्तो कमि कमजोरी पाउनु भएको छ ?

.....................................................................................................................

8. पुस्तकालयमा पाठ्यपुस्तकको उपलब्धता के-कस्तो रहेको छ ?

.....................................................................................................................

9. समय तालिकामा रहेका समस्याहरु के-कस्ता रहेका छन् ।

.....................................................................................................................

10. समय तालिकालाई अझ राम्रो बनाउन के गर्न सकिन्छ ?

.....................................................................................................................

11. हजुरको शैक्षिक योग्यता के-कस्तो रहेको छ ?

.....................................................................................................................

12. हजुरले विशिष्टता प्राप्त गर्नु भएको विषय कुन हो ?

.....................................................................................................................

13. विद्यालयमा हजुरले कुन विषय अध्यापन गराउनु हुन्छ ?

..........................................................................................................................

14. कक्षा ८ को कक्षा क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता के-कस्तो रहेको छ ?

..........................................................................................................................

15. कक्षा ८ मा अतिरिक्त क्रियाकलापको सञ्चालन के कसरी गर्ने गर्नुहुन्छ ?

..........................................................................................................................

16. अतिरिक्त क्रियाकलाप सञ्चालनका समस्याहरु के कस्ता रहेका छन् ?

..........................................................................................................................

17. अतिरिक्त क्रियाकलापलाई अझ राम्रो बनाउन के गर्नु पर्ला ?

..........................................................................................................................

18. कक्षा ८ मा प्रयोगात्मक कक्षा क्रियाकलापको सञ्चालन के कसरी गर्ने गर्नुहन्छ ?

..........................................................................................................................

19. हजुरले विशेष गरी कुन शिक्षण बिधिमा आधरित रहेर शिक्षण गर्ने गर्नुहुन्छ ?

..........................................................................................................................

20. शिक्षण सामाग्रीहरु कसरी छनोट गर्ने गर्नुहुन्छ ?

..........................................................................................................................

21. कक्षा क्रियाकलाप गराउँदाका समस्याहरू के कस्ता रहेका छन् ?

..........................................................................................................................

22. कक्षा क्रियाकलापलाई अझ राम्रो बनाउन के गर्नुपर्ला ?

..........................................................................................................................

23. गत वर्ष पाठ पढाँउदा कुन-कुन विधि र सामाग्रीको प्रयोग गर्नु भएको थियो ?

..........................................................................................................................

24. गत वर्ष कोर्स कति सकिएको थियो ?

(क) पुरै (ख) अधिकांश (ग) आधा जसो

25. विद्यार्थीहरूलाई पुरस्कृत कसरी गर्नु हुन्छ ?

..........................................................................................................................

## सामुदायिक र संस्थागतम विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति

## अनुसूचि ५

### कक्षा अवलोकन फाराम

शिक्षकको नाम : .................................. विषय :..............................

विद्यालयको नाम :................................. घण्टी :..............................

कक्षा :.............................................. मिति :..............................

पाठको नाम : .....................................

1. शिक्षक कुन समयमा कक्षा कोठामा प्रवेश गर्नु भयो ?

   .......................................................................................................................

2. शिक्षकसँग पाठ्यपुस्तक छ कि छैन ?

   .......................................................................................................................

3. पाठ्य पुस्तकको प्रयोग कसरी गरियो ?

   .......................................................................................................................

4. कक्षाकोठामा विद्यार्थीहरु बस्नकोलागि फर्निचरको प्रयाप्तता के-कस्तो रहेको छ ?

   .......................................................................................................................

5. कक्षाकोठामा आवश्यक शैक्षिक सामग्रीको प्रयाप्तता के-कस्तो रहेको छ ?

   .......................................................................................................................

6. कक्षा क्रियाकलापमा विद्यार्थीहरुको बसाईको ब्यवस्था के-कस्तो रहेको छ ?

   .......................................................................................................................

7. शिक्षकले पाठको प्रारम्भमा कसरी गर्नुभयो ?

   .......................................................................................................................

8. पाठको प्रस्तुतीकरण कसरी गर्नुभयो ?

   .......................................................................................................................

9. शिक्षकले पाठ पढाउदा कसरी सुरु गर्नु भयो ?

   .......................................................................................................................

10. शिक्षकले अध्यापन गराउदा शैक्षिक सामग्रीको प्रयोग गर्नु भयो ?

    .......................................................................................................................

11. शैक्षिक सामग्रीको प्रयोग कुन समयमा गर्नुभयो ?

........................................................................................................................

12. कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्था कस्तो थियो ? राम्रो कि ठिकै

.......................................................................................................................

13. शिक्षकले वोर्डको प्रयोग कति बेला र केका लागि प्रयोग गर्नुभएको थियो ?

........................................................................................................................

14. शिक्षकले विद्यार्थीलाई कसरी प्रश्न सोध्नु भयो ?

........................................................................................................................

15. शिक्षकले विद्यार्थीहरूलाई कसरी पृष्ठपोषण दिनुभयो ?

........................................................................................................................

16. कति विद्यार्थीहरू सक्रिय थिए ?कति निर्सिक्रिय थिए ?

........................................................................................................................

17. शिक्षकले विद्यार्थीलाई कसरी पुरस्कृत गर्नु भयो ?

........................................................................................................................

18. शिक्षकले विद्यार्थीलाई गृहकार्य कसरी दिनु भयो ?

........................................................................................................................

19. शिक्षक कुन समयमा कक्षा सकेर बाहिरिनु भयो ?

........................................................................................................................

## सामुदायिक र संस्थागतम विद्यालयहरुमा कक्षा ८ को पाठ्यक्रम कार्यान्वयनको स्थिति
## अनुसूचि ६

### विद्यार्थीका लागि अर्थात लक्षित समूह छलफलका लागि निर्देशिका/अन्तरवार्ता

1. शिक्षकले कक्षामा पढाउँदा पाठ्यपुस्तकको प्रयोग के-कसरी गर्नु हुन्छ ?

   .......................................................................................................

2. विद्यार्थीहरुले कक्षामा पढ्दा पाठ्यपुस्तकको प्रयोग के-कसरी गर्दछन् ?

   .......................................................................................................

3. कक्षा ८ को समयतालिकाको समस्याहरु के-के रहेका छन् ।

   .......................................................................................................

4. समय तालिकालाई अझ राम्रो बनाउन के गर्नुपर्ला ?

   .......................................................................................................

5. कक्षा कोठामा विद्यार्थीहरु बसाइ ब्यवस्थापनका समस्याहरु के-कस्ता रहेका छन् ?

   .......................................................................................................

6. विद्यार्थी बसाँइ ब्यवस्थापनलाई अझ राम्रो बनाउन के गर्नुपला ?

   .......................................................................................................

7. स्कुलमा के के अतिरिक्त क्रियाकलापहरू हुन्छन् ?

   .......................................................................................................

8. कक्षा ८ मा अतिरिक्त क्रियाकलापहरु के कसरी सञ्चालन गर्ने गरिएको छ ?

   .......................................................................................................

9. तपाईंहरूले अतिरिक्त क्रियाकलापमा कत्तिको सहभागिता पाउनु भएको छ ?

   .......................................................................................................

10. तपाईंहरूले कक्षा क्रियाकलापमा कत्तिको सहभागिता पाउनु भएको छ ?

    .......................................................................................................

11. शिक्षकले पाठको प्रारम्भ कसरी गर्ने गर्न हुन्छ ?

    .......................................................................................................

12. शिक्षकले के-कस्ता शैक्षिक सामाग्रीहरुको प्रयोग गर्नु हुन्छ ?

    .......................................................................................................

13. शिक्षकले पाठको अन्त्य कसरी गर्नु हुन्छ ?

........................................................................................................................

14. शिक्षकले तपाईंहरूलाई कक्षामा के कस्ता क्रियाकलापहरू गराउनु हुन्छ ?

........................................................................................................................

15. शिक्षकले गृहकार्य कस्तो किसिमको दिने गर्नुहुन्छ र कसरी दिनुहुन्छ ?

........................................................................................................................

16. शिक्षकले तपाईंहरूलाई कसरी पुरस्कृत गर्नु हुन्छ ?

........................................................................................................................

17. तपाईंहरूलाई शिक्षकले कसरी सजाय गर्नु भएको थियो ?

........................................................................................................................

18. विद्यालयमा प्रयोगात्मक कक्षा सञ्चालन के कसरी हुने गर्दछ

........................................................................................................................

19. शिक्षकले अघिल्लो वर्ष कोर्ष पढाएर कति सिध्याउनु भएको थियो

........................................................................................................................

20. तपाईहरुले अघिल्लो बर्षको परिक्षा प्रणालिमा भोगेका समस्याहरु के कस्ता रहेका छन् ?

........................................................................................................................

21. परीक्षा प्रणालिलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ ?

........................................................................................................................